
# मध्यमकालीन खर्च संरचना

## (२०८२/८३-२०८४/८५)

### (मस्यौदा दस्तावेज)




## गण्डकी गाउँपालिका

भुम्लिचोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| परिच्छेद १ः गाउँपालिकाको परिचय | १ |
| परिच्छेद २ः मध्यमकालीन खर्च संरचनाको पृष्ठभूमि | १३ |
| परिच्छेद ३ः मध्यमकालीन खर्च संरचना | २४ |
| परिच्छेद ४ः आर्थिक विकास क्षेत्र | ३० |
| ४.१ कृषि तथा पशुपन्छी | ३० |
| ४.२ सिँचाइ | ३६ |
| ४.३ सहकारी तथा गरिबी निवारण | ३८ |
| ४.४ उद्योग, वाणिज्य तथा आपूर्ति | ४० |
| ४.५ पर्यटन | ४२ |
| परिच्छेद ५ः सामाजिक क्षेत्र | ४७ |
| ५.१ स्वास्थ्य तथा पोषण | ४७ |
| ५.२ शिक्षा, विज्ञान तथा प्रविधि | ५० |
| ५.३ युवा, खेलकुद तथा नवप्रवर्तन | ५४ |
| ५.४ लैङ्गिक तथा सामाजिक समावेशिता | ५५ |
| ५.५ खानेपानी तथा सरसफाई | ५८ |
| परिच्छेद ६ः पूर्वाधार क्षेत्र | ६० |
| ६.१ सडक तथा यातायात व्यवस्था | ६० |
| ६.२ बस्ती तथा वस्ती विकास | ६३ |
| ६.३ विद्युत तथा वैकल्पिक ऊर्जा | ६५ |
| ६.४ सूचना तथा सञ्चार | ६६ |
| परिच्छेद ७ः वन, वातावरण, विपद्व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र | ६८ |
| ७.१ वन तथा जैविक विविधता | ६९ |

| | |
|---|---|
| ७.२ जलाधार तथा भू-संरक्षण | ७१ |
| ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन | ७२ |
| ७.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ७४ |
| परिच्छेद ८ः संस्थागत विकास तथा सुशासन | ७७ |
| ८.१ कानून, न्याय तथा सुशासन | ७७ |
| ८.२ संगठनात्मक विकास तथा मानव संशाधन | ८० |
| ८.३ स्रोत परिचालन | ८१ |
| ८.४ तथ्यांक प्रणाली र योजना व्यवस्थापन | ८२ |
| परिच्छेद ९ः योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन | ८७ |

## परिच्छेद एक

# गाउँपालिकाको परिचय

## १.१ पृष्ठभूमि

गण्डकी गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत पर्ने गोर्खा जिल्लाका ११ स्थानीय तह (दुई नगरपालिका र नौ गाउँपालिका) मध्येको एक गाउँपालिका हो। यस गाउँपालिकाको पूर्वमा धादिङ जिल्लाको ज्वालामूखी गाउँपालिका तथा सिद्धलेक गाउँपालिका पर्दछ भने पश्चिममा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका पर्दछ। त्यस्तै, गण्डकी गाउँपालिकाको दक्षिणमा धादिङ जिल्लाको वेनीघाट रोराङ गाउँपालिका र उत्तरमा गोरखा जिल्लाको  शहिद लखन गाउँपालिका अवस्थित छन्। साविकको फुजेल, दर्बुङ, भूम्लिचोक, घ्याल्चोक, ताङ्लीचोक र मकैसिङ गाउँ विकास समितलाई समावेश गरी बनाइएको यस गाउँपालिकाको क्षेत्रफल १२३.९४ वर्ग किलोमिटर रहेको छ भने हालको प्रशासनिक संरचनामा ८ वडा रहेका छन्। क्षेत्रफलको आधारमा वडा ५, वडा ६ र वडा दुई ठूला रहेका छन् भने वडा नं. ३ र ४ साना वडा रहेका छन्। गण्डकी गाउँपालिकाको गाउँ कार्यपालिका कार्यालय भूम्लिचोकमा अवस्थित  छ।

***तालिका १: गण्डकी गाउँपालिकाको वडागत क्षेत्रफल***

| *वडा* | *साविक गा.वि.सं.* | *क्षेत्रफल* | *क्षेत्रफल हिस्सा (प्रतिशत)* |
|---|---|---|---|
| १ | मकैसिङ | १०.९० | ८.७९ |
| २ | ताङ्लीचोक | २०.०० | १६.१४ |
| ३ | फुजेल | ७.०९ | ५.७२ |
| ४ | फुजेल | ७.३५ | ५.९३ |
| ५ | दर्भुङ | २३.०० | १८.५६ |
| ६ | भूम्लिचोक | २१.५० | १७.३५ |
| ७ | घ्याल्चोक | १८.६० | १५.०१ |
| ८ | घ्याल्चोक | १५.५० | १२.५१ |
| *जम्मा* | | १२३.९४ | १००.०० |

स्रोतः गण्डकी गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण जनगणना २०७८

## १.२ भू-उपयोग

कुल क्षेत्रफल १२३.९४ वर्ग किलोमिटर रहेको गण्डकी गाउँपालिकाको ५८.६ प्रतिशत अर्थात ७२.५९ वर्गाकिलोमिटर भूभागमा खेती गरिएको छ भने २२.३७ प्रतिशत जमीनमा झाडी बुट्यान, १६.८५ प्रतिशत जमीनमा जंगल रहेको छ। बाँकी जमीनमा बगर, पानीले ढाकेको क्षेत्र, भीर-पहरा तथा बस्ती रहेको छ।

***तालिका २: भू-उपयोगको अवस्था***

| भूउपयोगको प्रकार | क्षेत्रफल (वर्ग कि.मि. | हिस्सा (प्रतिशत) |
|---|---|---|
| खेती गरिएको जमिन | ७२.५९ | ५८.५७ |
| झाडी, बुट्यान् | २७.७२ | २२.३७ |
| जंगल | २०.८९ | १६.८५ |
| बगर | २.०५ | १.६५ |
| पानीले ढाकेको क्षेत्र | ०.४४ | ०.३६ |
| वस्ती, निर्माण क्षेत्र | ०.०८ | ०.०६ |
| भीर, पहरा | ०.१७ | ०.१४ |
| जम्मा | १२३.९४ | १००.०० |

स्रोतः गण्डकी गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण जनगणना २०७८

## १.३ जनसंख्या

जनगणना २०७८ का अनुसार गण्डकी गाउँपालिकामा कुल घरधुरी ५६५९ रहेको छ जसमा ४ हजार २०७ पुरुष घरमूली र १ हजार ४५२ महिला घरमूली रहेका छन्। गाउँपालिकाको कुल जनसंख्या २१ हजार ३९४ रहेको छ जसमा महिला जनसंख्या ११ हजार १०५ (५१.९ प्रतिशत) र पुरुष जनसंख्या १० हजार २८९ (४८.१ प्रतिशत) रहेको छ। यस आधारमा गाउँपालिकाको लैङ्गिक अनुपात ९२.६५ हुन आउँछ।

तालिका ३ मा वडागत जनसंख्या प्रस्तुत गरिएको छ। गाउँपालिकाका ८ वडा मध्ये वडा नं. ६ मा सबैभन्दा धेरै जनसंख्या अर्थात गाउँपालिकाको कुल जनसंख्याको १६.७ प्रतिशत र सबैभन्दा कम जनसंख्या रहेको वडा नं. ३ मा गाउँपालिकाको कुल जनसंख्याको ७.५ प्रतिशत रहेको छ।

***तालिका ३ गण्डकी गाउँपालिकाको वडागत जनसंख्या***

| वडा | घरधुरी | पुरुष | महिला | जम्मा | जनसंख्या हिस्सा |
|---|---|---|---|---|---|
| १ | ६२० | ११५५ | ११६४ | २३१९ | १०.८ |
| २ | ८१५ | १४८८ | १६३८ | ३१२६ | १४.६ |
| ३ | ५२९ | ७४४ | ८७१ | १६१५ | ७.५ |
| ४ | ६०४ | ९०९ | १०८५ | १९९४ | ९.३ |
| ५ | ७६७ | १२५८ | १४१७ | २६७५ | १२.५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ७९७ | १७४८ | १८२५ | ३५७३ | १६.७ |
| ७ | ६७४ | १४१० | १३९३ | २८०३ | १३.१ |
| ८ | ८५३ | १५७७ | १७१२ | ३२८९ | १५.४ |
| ***जम्मा*** | ५६५९ | १०२८९ | ११९०५ | २१३९४ | १००.० |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

उमेर समूह अनुसार विश्लेषण गर्दा १५ वर्षभन्दा कम उमेरका बालबालिकाको जनसंख्या ४ हजार ६ सय ८४ अर्थात कुल जनसंख्याको झण्डै २२ प्रतिशत रहेको छ भने १५ देखि ४० वर्ष उमेर समूहको जनसंख्या ३८ प्रतिशत रहेको देखिन्छ । यस आधारमा गाउँपालिकामा ४० वर्ष भन्दा कम उमेरका जनसंख्याको हिस्सा झण्डै ६० प्रतिशत रहेको र गाउँपालिकाकालाई युवा बाहुल्य गाउँपालिका भन्न सकिन्छ ।

***तालिका ४ : गण्डकी गाउँपालिकाको उमेरसमूह अनुसारको जनसंख्या***

| उमेर समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ९५+ | १५ | १९ | ३४ |
| ९०-९४ | २७ | ४३ | ७० |
| ८५-८९ | ७२ | ७१ | १४३ |
| ८०-८४ | १४८ | १४५ | २९३ |
| ७५-७९ | २४६ | २८४ | ५३० |
| ७०-७४ | ३२९ | ३६४ | ६९३ |
| ६५-६९ | ४४३ | ४७२ | ९१५ |
| ६०-६४ | ५५१ | ५०१ | १०५२ |
| ५५-५९ | ५४० | ५४४ | १०८४ |
| ५०-५४ | ६२८ | ६७७ | १३०५ |
| ४५-४९ | ५०८ | ६६१ | ११६९ |
| ४०-४४ | ५७० | ७१९ | १२८९ |
| ३५-३९ | ५३९ | ६९३ | १२३२ |
| ३०-३४ | ६३२ | ६६८ | १३०० |
| २५-२९ | ७६३ | ८५६ | १६१९ |
| २०-२४ | ८८६ | ९८६ | १८७२ |
| १५-१९ | १०१७ | १०९३ | २११० |

| | | | |
|---|---|---|---|
| १०-१४ | ८९६ | ८९८ | १७९४ |
| ५-९ | ७७४ | ७२३ | १४९७ |
| ००-०४ | ७०५ | ६८८ | १३९३ |
| जम्मा | १०२८९ | १११०५ | २१३९४ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.४ जातजाति अनुसार जनसंख्या

जनगणना २०७८ का अनुसार गण्डकी गाउँपालिकामा मुख्य गरी १८ जातजातिको बसोबास रहेको देखिन्छ । त्यसमध्ये मगरको जनसंख्या सबैभन्दा धैरै अर्थात कुल जनसंख्याको १८.८८ प्रतिशत र त्यसपछि क्रमशः चेपाङ/प्रजाको १६.९४ प्रतिशत, ब्राम्हण १५.६१ प्रतिशत, नेवार १२.२७ प्रतिशत, गुरुङ १२.२५ रहेको छ ।

***तालिका ५: जातजाति अनुसारको जनसंख्या***

| जातजाति | पुरुष | महिला | जम्मा | जनसंख्या हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|
| मगर | १९४८ | २०९२ | ४०४० | १८.८८ |
| चेपाङ/प्रजा | १८२० | १८०४ | ३६२४ | १६.९४ |
| ब्राम्हण | १६२६ | १७१३ | ३३३९ | १५.६१ |
| नेवार | १२२८ | १३९८ | २६२६ | १२.२७ |
| गुरुङ | १२१४ | १४०६ | २६२० | १२.२५ |
| मिजार | ६४५ | ७३४ | १३७९ | ६.४५ |
| क्षेत्री | ५२५ | ५३५ | १०६० | ४.९५ |
| विश्वकर्मा | ४९९ | ५३० | १०२९ | ४.८१ |
| परियार | २७९ | ३५९ | ६३८ | २.९८ |
| बराम/बरामु | १३४ | १४२ | २७६ | १.२९ |
| माझी | १२५ | १३५ | २६० | १.२२ |
| घर्ती/भूजेल | ८१ | ९६ | १७७ | ०.८३ |
| मुशलमान | ५६ | ६३ | ११९ | ०.५६ |
| कुमाल | ४७ | ३८ | ८५ | ०.४० |
| सन्याशी/ दशनामी | १६ | १६ | ३२ | ०.१५ |
| तामाङ | १४ | १६ | ३० | ०.१४ |
| राई | ८ | १० | १८ | ०.०८ |
| ठकुरी | ६ | ६ | १२ | ०.०६ |
| अन्य | १८ | १२ | ३० | ०.१४ |
| जम्मा | १०२८९ | १११०५ | २१३९४ | १०० |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.५ साक्षरता दर

जनगणना २०७८ का अनुसार गण्डकी गाउँपालिकाको साक्षरता दर ७२.१ प्रतिशत रहेको छ जसमा पुरुष साक्षरता दर ७९.३ प्रतिशत र महिला साक्षरता दर ६५.३ प्रतिशत रहेको छ । वडागत साक्षरता दर तालिका ६ मा प्रस्तुत गरिएको छ ।

***तालिका ६: वडागत साक्षरता दर***

| वडा | जनसंख्या | साक्षरता दर (प्रतिशत) |
|---|---|---|
| १ | २३१९ | ७६.२ |
| २ | ३१२६ | ७६.९ |
| ३ | १६१५ | ६१.७ |
| ४ | १९९४ | ६७.४ |
| ५ | २६७५ | ६१.७ |
| ६ | ३५७३ | ७१.८ |
| ७ | २८०३ | ७६.८ |
| ८ | ३२८९ | ७७.१ |
| जम्मा | २१३९४ | ७२.२१ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.६ अपांगता भएका जनसंख्या

जनगणना २०७८ अनुसार गण्डकी गाउँपालिकामा कुन ६०२ जना बिभिन्न प्रकारका अपांगता भएका व्यक्तिहरु रहेका छन् । जस मध्ये सबैभन्दा धेरै शारिरिक अपांगता भएका छन् भने त्यसपछि क्रमशः कमजोर दृष्टि, कान नसुन्ने, कम कान सुन्ने, अन्धोपन भएका लगायतका रहेका छन् ।

***तालिका ७: अपांगता अनुसारको जनसंख्या***

| अपांगताको किसिम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| शारिरिक अपांगता | ८१ | ११५ | १९६ |
| कमजोर दृष्टि | ५० | ४० | ९० |
| अन्धोपन | १२ | १४ | २६ |
| कान नसुन्ने | ४४ | ३४ | ७८ |
| मनो-सामाजिक असक्षमता | १८ | २३ | ४१ |
| कम सुन्ने | ३४ | ३१ | ६५ |
| सुन्न र देख्न नसक्ने | ४ | ९ | १३ |

| | | | |
|---|---|---|---|
| बोल्न नसक्ने | १५ | १५ | ३० |
| बौद्धिक अपांगता | ३ | ७ | १० |
| अटिज्म | ५ | २ | ७ |
| बहअपांगता | १३ | ३३ | ४६ |
| जम्मा | २७९ | ३२३ | ६०२ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.७ पिउने पानीको स्रोत

गण्डकी गाउँपालिकाका ५६५९ घरधुरी मध्ये २०६९ घरधुरीले घर कम्पाउण्ड भित्र नै रहेको धाराको पानी प्रयोग गर्छन भने २४८३ घरधुरीले सार्वजनिक धाराको पानी प्रयोग गर्ने गर्छन् भने ९७६ घरधुरीले संकलित पानी नै पिउने पानीको रुपमा प्रयोग गर्छन् ।

***तालिका ८ : पिउने पानीको स्रोत***

| वडा | घरधुरी | पिउने पानीको स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | घर कम्पाउण्डमा धारा | सार्वजनिक धारा | ट्युववेल/ ह्याण्डपम्प | ढकनी सहितको इनार | खुला इनार/कुवा | संकलित पानी | नदी/खोला /अन्य |
| १ | ६२० | १७७ | ७५ | ० | १ | १७ | ३५० | ० |
| २ | ८१५ | १९९ | ५३४ | ० | ० | ३ | ७७ | २ |
| ३ | ५२९ | ७५ | २३४ | ० | ० | १ | २१९ | ० |
| ४ | ६०४ | ४५६ | ११ | ० | ० | ८ | १२९ | ० |
| ५ | ७६७ | ४०७ | १७१ | ० | १ | ४७ | १४१ | ० |
| ६ | ७९७ | १०४ | ६३२ | ० | ० | १० | ४९ | २ |
| ७ | ६७४ | १८ | ६४१ | ० | ० | १२ | ० | ३ |
| ८ | ८५३ | ६३३ | १८५ | ० | ० | १६ | ११ | ८ |
| जम्मा | ५६५९ | २०६९ | २४८३ | ० | २ | ११४ | ९७६ | १५ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.८ बत्तिको लागि उपयोग गरिने इन्धन

गण्डकी गाउँपालिकाका कुल ५६५९ घरधुरी मध्ये ५५४२ घरधुरीले बिजुली बत्तिको प्रयोग गर्छन भने ८४ घरधुरीले सौर्यबत्ति, १३ घरधुरीले मट्टितेल र बाँकी २० घरधुरीले बायोग्याँस र अन्य स्रोत प्रयोग गर्छन् ।

***तालिका ९: बत्ति/उज्यालोको लागि उपयोग गरिने इन्धन***

| वडा | घरधुरी | इन्धनको स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | विजुली | सौर्यवत्ति | मट्टितेल | बायोग्याँस | अन्य |
| १ | ६२० | ५६१ | ४४ | ७ | ० | ८ |
| २ | ८१५ | ७९९ | १० | १ | ० | ५ |
| ३ | ५२९ | ५२८ | ० | ० | १ | ० |
| ४ | ६०४ | ६०२ | २ | ० | ० | ० |
| ५ | ७६७ | ७६२ | ५ | ० | ० | ० |
| ६ | ७९७ | ७८८ | ७ | २ | ० | ० |
| ७ | ६७४ | ६६० | १२ | १ | ० | १ |
| ८ | ८५३ | ८४२ | ४ | २ | ० | ५ |
| जम्मा | ५६५९ | ५५४२ | ८४ | १३ | १ | १९ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.९ खाना पकाउने इन्धन

गण्डकी गाउँपालिकाका कुल ५६५९ घरधुरी मध्ये  झण्डै ७० प्रतिशत घरधुरी (३९५४ घरधुरी) ले खाना पकाउनको लागि दाउराको उपयोग गर्छन् । त्यस्तै पेट्रोलियम ग्याँसको उपयोग गर्ने घरधुरी २८.४ प्रतिशत रहेको छ भने बाँकी घरधुरीले विद्युत, मट्टितेल तथा बायोग्याँसको प्रयोग गर्छन् ।

***तालिका १०: खाना पकाउन प्रयोग हुने इन्धन अनुसारको घरधुरी***

| वडा | घरधुरी | *इन्धनको प्रकार* | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | काठ, दाउरा | ग्याँस | बिद्युत | बायो ग्याँस | मट्टितेल | अन्य |
| १ | ६२० | ४०२ | २०३ | ० | ११ | ३ | १ |
| २ | ८१५ | ६४१ | १७० | ० | ४ | ० | ० |
| ३ | ५२९ | ४२७ | ९० | १ | १० | १ | ० |
| ४ | ६०४ | ४९५ | ९४ | ० | १५ | ० | ० |
| ५ | ७६७ | ६६४ | ९६ | ३ | ३ | १ | ० |
| ६ | ७९७ | ५८८ | २०५ | ० | २ | २ | ० |
| ७ | ६७४ | ३०४ | ३६७ | ० | ३ | ० | ० |
| ८ | ८५३ | ४३३ | ३८४ | ५ | २९ | ० | २ |
| जम्मा | ५६५९ | ३९५४ | १६०९ | ९ | ७७ | ७ | ३ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.१० घरको स्वामित्व

गाउँपालिकामा ५५३५ घरधुरीको आफ्नै स्वामित्वको घर रहेको छ भने ९६ परिवार भाडामा बस्ने गर्छन । बाँकी घरपरिवार संस्थागत तथा अन्य घरमा बस्ने गर्छन् ।

***तालिका ११: घरको स्वामित्व***

| वडा | घरधुरी | *घरको स्वामित्व* |
|---|---|---|

| | | आफ्नै स्वामित्व | भाडाको घर | संस्थागत | अन्य |
|---|---|---|---|---|---|
| १ | ६२० | ५९७ | २२ | १ | ० |
| २ | ८१५ | ७९९ | १३ | १ | २ |
| ३ | ५२९ | ५२१ | ८ | ० | ० |
| ४ | ६०४ | ६०० | ३ | ० | १ |
| ५ | ७६७ | ७५२ | ७ | ३ | ५ |
| ६ | ७९७ | ७७४ | १५ | ५ | ३ |
| ७ | ६७४ | ६६० | ८ | २ | ४ |
| ८ | ८५३ | ८३२ | २० | ० | १ |
| जम्मा | ५६५९ | ५५३५ | ९६ | १२ | १६ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.११ शौचालयको प्रकार

गण्डकी गाउँपालिकाका ५६५९ घरधुरी मध्ये ३९ घरधुरीमा शौचालय छैन् भने ४ हजार ८ सय ४९ घरधुरीमा सेप्टिक ट्यांकसहितको शौचालय रहेको छ । बाँकी घरधुरीले पिट शौचालय, सार्वजनिक शौचालय आदिको प्रयोग गर्छन् ।

***तालिका १२: शौचालयको प्रकार अनुसारको घरधुरी***

| वडा | घरधुरी | शौचालयको प्रकार | | | | शौचालय नभएको |
|---|---|---|---|---|---|---|
| | | ढल निकास सहितको शौचालय | सेप्टिक ट्यांकसहितको शौचालय | पिट शौचालय | सार्वजनिक शौचालय | |
| १ | ६२० | ३९ | ५३९ | ३० | २ | १० |
| २ | ८१५ | १८ | ६१२ | १८० | ० | ५ |
| ३ | ५२९ | ६ | ४५६ | ६७ | ० | ० |
| ४ | ६०४ | १८ | ५१९ | ५८ | १ | ८ |
| ५ | ७६७ | ६६ | ६८० | १८ | ० | ३ |
| ६ | ७९७ | २ | ७८१ | १४ | ० | ० |
| ७ | ६७४ | ७ | ६५५ | ८ | ३ | १ |
| ८ | ८५३ | २२ | ६०७ | २१२ | ० | १२ |
| जम्मा | ५६५९ | १७८ | ४८४९ | ५८७ | ६ | ३९ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.१२ घरको भूई

गाउँपालिकाका ३५६५ घरपरिवारको घरको भूईमा सिमेन्ट लगाइएको छ भने १८७१ घरको भूई माटोले बनेको छ। बाँकी घरको भूईहरु काठको फलेक वा बाँस, ईटा, ढुंगा तथा सेरामिक टाइलले बनेका छन् ।

तालिका १३ः घरको भूँई

| वडा | ***घरधुरी*** | ***भूईको प्रकार*** |
|---|---|---|

| | | माटो | काठको फलेक/बाँस | ईटा/ढुंगा | सेरामिक टाइल | सिमेन्ट लगाइएको | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ६२० | १६९ | १९ | २ | २ | ४१२ | १६ |
| २ | ८१५ | १८२ | ५ | ५ | १ | ६१७ | ५ |
| ३ | ५२९ | १७२ | ० | ० | ० | ३५३ | ४ |
| ४ | ६०४ | १६१ | १ | ४ | १ | ४३५ | २ |
| ५ | ७६७ | ३८२ | १५ | ३ | १ | ३६५ | १ |
| ६ | ७९७ | ४५९ | ५ | ६ | ० | ३१४ | १३ |
| ७ | ६७४ | १४७ | २१ | ११ | ३ | ४९० | २ |
| ८ | ८५३ | १९९ | ४० | ५ | २ | ५७९ | २८ |
| जम्मा | ५६५९ | १८७१ | १०६ | ३६ | १० | ३५६५ | ७१ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.१३ छानोको प्रकार

गाउँपालिकाका ४२९४ घरका छानो जस्तापाता (ग्यालबनाइज्ड सिट) ले छाइएका छन् भने ११६९ घरको छत ढलान गरिएको छ । बाँकी घरहरु खर, ढुंगा, स्लेट, तथा काठ तथा फलेकले छाइएको छन् ।

तालिका १४: घरको छानो

| वडा | घरधुरी | छानोको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ग्यालबनाइज्ड सिट | सिमेन्ट ढलान | घाँस, पराल (खर) | टाइल | ढुंगा, स्लेट | काठ, फलेक | अन्य |
| १ | ६२० | ४४९ | १४७ | ७ | १ | १४ | २ | ० |
| २ | ८१५ | ७०३ | १०३ | ० | ० | ९ | ० | ० |
| ३ | ५२९ | ४४३ | ८५ | ० | ० | १ | ० | ० |
| ४ | ६०४ | ४७१ | १२२ | ७ | ० | ४ | ० | ० |
| ५ | ७६७ | ६०४ | १४५ | ० | १ | १६ | ० | १ |
| ६ | ७९७ | ७६० | २८ | ० | ० | ८ | १ | ० |
| ७ | ६७४ | ४३६ | २२५ | १ | १ | ११ | ० | ० |
| ८ | ८५३ | ४२८ | ३१४ | ४ | १ | ९२ | ० | १४ |
| जम्मा | ५६५९ | ४२९४ | ११६९ | १९ | ४ | १५५ | ३ | १५ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.१४ घरको पर्खाल

गाउँपालिकाका २८१७ घरका भित्ता तथा पर्खाल माटो, ढुंगा तथा ईटाले बनेका छने भने २७४२ घरका भित्ता तथा पर्खाल सिमेन्ट, ढुंगा तथा ईटाले बनेका छन् । केही घरका भित्ता प्रिफ्याब सिट, जस्तापाता तथा काठका फलेकले बनेका पनि रहेका छन् ।

तालिका १५: घरको भित्ता तथा पर्खाल

| वडा | घरधुरी | *बाहिरी पर्खाल बनेको सामान* | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | माटो/ढुंगा/इटा | सिमेन्ट/इटा/ढुंगा | काठ/फलेक | बाँस | काँचो इटा | ग्यालबनाइज्ड सिट | प्रिफ्याब सिट | अन्य |
| १ | ६२० | २२४ | ३६६ | १५ | ८ | १ | ५ | ० | १ |
| २ | ८१५ | ३७५ | ४१७ | ६ | १ | ० | १४ | ० | २ |
| ३ | ५२९ | २८० | २४७ | १ | १ | ० | ० | ० | ० |
| ४ | ६०४ | ३८८ | २०३ | ३ | ० | १ | ५ | ४ | ० |
| ५ | ७६७ | ५२१ | २४० | ३ | ० | ० | ३ | ० | ० |
| ६ | ७९७ | ५९६ | १९७ | २ | ० | ० | २ | ० | ० |
| ७ | ६७४ | २१६ | ४५६ | २ | ० | ० | ० | ० | ० |
| ८ | ८५३ | २१७ | ६१६ | ३ | ० | २ | १ | ० | १४ |
| जम्मा | ५६५९ | २८१७ | २७४२ | ३५ | १० | ४ | ३० | ४ | १७ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.१५ घरको जग

गाउँपालिकाका कुल घरमध्ये ३०५४ घरको जग माटो, ढुंगा र ईटाले, २०३८ घरका जग सिमेन्ट, ईटा र ढुंगाले बनेका छन् भने ४९४ घरका जग सिमेन्टको पिलरबाट बनेका छन् ।

तालिका १६: घरको जगको आधारमा वर्गीकरण

| वडा | घरधुरी | *घरको जग* | | | | |
|---|---|---|---|---|---|---|
| | | माटो/ढुंगा/इटा | सिमेन्ट/इटा/ढुंगा | सिमेन्टको पिलरसहित | काठको पिलर | अन्य |
| १ | ६२० | २२७ | २६३ | १०१ | २८ | १ |
| २ | ८१५ | ४६५ | २५६ | ८७ | ६ | १ |
| ३ | ५२९ | २९४ | १६९ | ६३ | ३ | ० |
| ४ | ६०४ | ४१६ | ११८ | ६८ | २ | ० |
| ५ | ७६७ | ५५३ | १३६ | ७० | ८ | ० |
| ६ | ७९७ | ५९२ | २०० | २ | २ | १ |
| ७ | ६७४ | २४६ | ३८४ | ४० | ४ | ० |
| ८ | ८५३ | २६१ | ५१२ | ६३ | १ | १६ |
| जम्मा | ५६५९ | ३०५४ | २०३८ | ४९४ | ५४ | १९ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.१६ घरको क्षेत्रफलको आधारमा गुणस्तर वर्गीकरण

घरको क्षेत्रफल र गुणस्तरका आधारमा गाउँपालिकामा भएका घरहरु निम्नानुसार वर्गीकरण गरिएको छ ।

तालिका १७: गुणस्तरका आधारमा घरको वर्गीकरण

| वडा | घरधुरी | घरको गुणस्तर (संख्या) | | | | | घरको गुणस्तर (प्रतिशत) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति प्रसस्त | प्रसस्त | ठीकै | अपुग | एकदम कम | अति प्रसस्त | प्रसस्त | ठीकै | अपुग | एकदम कम |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६२० | ६२ | ३२२ | २१७ | १५ | ४ | १०.० | ५१.९ | ३५.० | २.४ | ०.७ |
| २ | ८१५ | ५५ | ५२८ | २२२ | १० | ० | ६.८ | ६४.८ | २७.२ | १.२ | ०.० |
| ३ | ५२९ | १५ | २९० | २२४ | ० | ० | २.८ | ५४.८ | ४२.३ | ०.० | ०.० |
| ४ | ६०४ | ४० | ३६० | १८७ | १७ | ० | ६.६ | ५९.६ | ३१.० | २.८ | ०.० |
| ५ | ७६७ | २४ | ३६० | ३७८ | ५ | ० | ३.१ | ४६.९ | ४९.३ | ०.७ | ०.० |
| ६ | ७९७ | ७४ | ३१० | ४०८ | ५ | ० | ९.३ | ३८.९ | ५१.२ | ०.६ | ०.० |
| ७ | ६७४ | ३०१ | २३२ | १४१ | ० | ० | ४४.७ | ३४.४ | २०.९ | ०.० | ०.० |
| ८ | ८५३ | २२४ | ४२४ | १८७ | ८ | १० | २६.३ | ४९.७ | २१.९ | ०.९ | १.२ |
| जम्मा | ५६५९ | ७९५ | २८२६ | १९६४ | ६० | १४ | १४.१ | ४९.९ | ३४.७ | १.१ | ०.३ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.१७ सम्पत्तिको आधारमा घरपरिवारको वर्गीकरण

गण्डकी गाउँपालिकाका घरधुरीलाई सम्पत्तिको आधारमा वर्गीकरण गर्दा २८१ घरपरिवार अतिसम्पन्न, ९९४ सम्पन्न २०२९ मध्यमस्तर, १४९९ गरीब तथा ८५६ घरपरिवारलाई अति गरीब भनी वर्गीकरण गरिएको छ । यस तथ्यांकका आधारमा ४१.६ प्रतिशत घरधुरी गरीब तथा ५.० प्रतिशत घरधुरी अति सम्पन्न रहेको देखिन्छ ।

तालिका १८: घरधुरीको सम्पत्तिको आधारमा वर्गीकरण

| वडा | घरधुरी | सम्पत्तिको आधारमा बर्गीकरण (संख्या) | | | | | सम्पत्तिको आधारमा बर्गीकरण (प्रतिशत) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति गरीब | गरीब | मध्यमस्तर | सम्पन्न | अति सम्पन्न | अति गरीब | गरीब | मध्यमस्तर | सम्पन्न | अति सम्पन्न |
| १ | ६२० | १२० | ९६ | २६३ | ९६ | ४५ | १९.४ | १५.५ | ४२.४ | १५.५ | ७.३ |
| २ | ८१५ | ११६ | २०९ | ३६५ | १०६ | १९ | १४.२ | २५.६ | ४४.८ | १३.० | २.३ |
| ३ | ५२९ | ७० | १४३ | २०५ | ९२ | १९ | १३.२ | २७.० | ३८.८ | १७.४ | ३.६ |
| ४ | ६०४ | ९३ | २११ | २३० | ६१ | ९ | १५.४ | ३४.९ | ३८.१ | १०.१ | १.५ |
| ५ | ७६७ | १४२ | २९४ | २७७ | ४३ | ११ | १८.५ | ३८.३ | ३६.१ | ५.६ | १.४ |
| ६ | ७९७ | २०१ | २९८ | २१७ | ७१ | १० | २५.२ | ३७.४ | २७.२ | ८.९ | १.३ |
| ७ | ६७४ | ७० | ९३ | १६३ | २४० | १०८ | १०.४ | १३.८ | २४.२ | ३५.६ | १६.० |
| ८ | ८५३ | ४४ | १५५ | ३०९ | २८५ | ६० | ५.२ | १८.२ | ३६.२ | ३३.४ | ७.० |
| जम्मा | ५६५९ | ८५६ | १४९९ | २०२९ | ९९४ | २८१ | १५.१ | २६.५ | ३५.९ | १७.६ | ५.० |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

## १.१८ सम्पतिमा महिला स्वामित्व

गण्डकी गाउँपालिकामा कुल ९४७ घरपरिवार अर्थात १६.७ प्रतिशत परिवारमा जग्गा तथा घरमा महिला स्वामित्व रहेको छ भने ४५१५ घरपरिवारका महिलाको जग्गा तथा घरमा स्वामित्व छैन् ।

***तालिका १९: सम्पतिमा महिला स्वामित्व***

| वडा | घरधुरी | संख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | | जग्गा र घरमा महिला स्वामित्व | जग्गा र घरमा महिला स्वामित्व नभएको | उल्लेख नभएको | जग्गा र घरमा महिला स्वामित्व | जग्गा र घरमा महिला स्वामित्व नभएको | उल्लेख नभएको |
| १ | ६२० | १०७ | ४७८ | ३५ | १७.३ | ७७.१ | ५.७ |
| २ | ८१५ | १३३ | ६८१ | १ | १६.३ | ८३.६ | ०.१ |
| ३ | ५२९ | १८१ | ३२९ | १९ | ३४.२ | ६२.२ | ३.६ |
| ४ | ६०४ | १२० | ४७२ | १२ | १९.९ | ७८.२ | २.० |
| ५ | ७६७ | १४३ | ५७८ | ४६ | १८.६ | ७५.४ | ६.० |
| ६ | ७९७ | ५३ | ६८७ | ५७ | ६.७ | ८६.२ | ७.२ |
| ७ | ६७४ | ९७ | ५७० | ७ | १४.४ | ८४.६ | १.० |
| ८ | ८५३ | ११३ | ७२० | २० | १३.३ | ८४.४ | २.३ |
| जम्मा | ५६५९ | ९४७ | ४५१५ | १९७ | १६.७ | ७९.८ | ३.५ |

स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०७८

# परिच्छेद २

# मध्यमकालीन खर्च संरचनाको पृष्ठभूमि

## २.१ पृष्ठभूमि

मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ।

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो। सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम सहितको चालु खर्च, पूँजीगत खर्च खुलाउनुपर्ने व्यवस्था रहेको छ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार गण्डकी गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच सहितको गाउँ विकास योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ।

यस पृष्ठभूमिमा गाउँ कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र अन्य सरोकारवालासँग राय परामर्शका साथै उपलब्ध शाखागत सूचना तथा चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमको उपयोग गरी नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) लाई आधार मानी यस दस्तावेज तयार गरिएको छ।

## २.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो जसले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा खाकाहरु समावेश गरिएको हुन्छ। चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व तथा रोयल्टी बाँडफाट, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचना चक्रीय हिसाबले वार्षिक रुपमा तयार गरिने योजना दस्तावेज हो। यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा

गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसै सैद्धान्तिक अवधारणालाई अनुशरण गरी यस दस्तावेज तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## २.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो ।

साथै मध्यमकालीन खर्च संरचनाको तयारीका विशिष्ट उद्देश्य देहायअनुसार रहेका छन् :

(क) आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु;

(ख) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु;

(ग) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु;

(घ) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।

(ङ) सार्वजनिक खर्चलाई प्रभाबकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## २.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, एकीकृत गाउँ विकास योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान २०७२

- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा संघीय सरकारको सोह्रौं योजना (२०८१/८२-२०८५/८६)
- गण्डकी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६)
- गाउँपालिकाको बस्तुस्थिति विवरण
- गाउँपालिकाको पहिलो पञ्चवर्षीय योजना
- गाउँपालिकाका वार्षिक नीति तथा कार्यक्रमहरु
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

## २.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राब्दी विकास लक्ष्यमा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्; यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ। यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा

बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ। नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ। सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ। साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन। यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ। अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो। नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ। सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी गाउँसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ। यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ। लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ। यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन्। दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन्। संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ। यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन्।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन्। यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन्। सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ। स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ।

उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ। यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपमा कायम गर्ने प्रयास छ। यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुऱ्याउनेखालका रहेका छन् । समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ। दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ। समग्रमा यस गण्डकी गाउँपालिकाको मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ।

## २.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङकेतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधारमानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार

गरिएको छ । मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरिएको छ :

**चरण-१: तयारी चरण**

***प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन***

मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण गरियो । अभिमूखीकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान बुझाइ कायम गरियो । साथै यस अभिमूखीकरण कार्यक्रममा समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, गाउँपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरी परिचालन गरियो ।

***प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा***

प्राविधिक सहयोग टोलीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषय वस्तुहरु पहिचान गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरु अध्ययन एवं समीक्षा गरियोः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७९
- नेपाल सरकारको दीर्घकालीन सोच, सोह्रौं राष्ट्रिय योजना, प्रदेशका योजनाहरु

- गण्डकी गाउँपालिकाको गाउँ विकास योजना तथा विषय क्षेत्रगत नीति र योजनाहरु
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- गण्डकी गाउँपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

***प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा***

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा गाउँपालिकामा प्रारम्भिक बैठकको आयोजना गरी छलफल गरियो । यस बैठकमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न महाशाखा/शाखाका प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो । बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाब र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

## चरण-२: लेखाजोखा चरण

***प्रक्रिया ४: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना***

मध्यमकालीन खर्च संरचनाको तर्जुमा प्रक्रियाकको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले एक दिने अभिमूखीकरण कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा गाउँपालिकाका विषयगत शाखाको कर्मचारी सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो ।

***प्रक्रिया ५: विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल***

विषयगत रणनीतिक योजना, गाउँ विकास योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरुसँग छलफल गरियो । यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरुको विवरण संकलन गरियो ।

सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

***प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण***

अन्तर-सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित गाउँ गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र एकीकृत गाउँ विकास योजना, विषयगत क्षेत्र रणनीति र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो । यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत महाशाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

## चरण-३: तर्जुमा चरण

***प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा***

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो विषयगत महाशाखा/शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको सांकेतीकरण गरियो ।

***प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी***

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत महाशाखा/शाखा/एकाइ सँग छलफल गरी उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यसरी तयार गरिएको उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो ।

***प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी***

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरियो । त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा एकीकृत गाउँ विकास योजना, विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारंस तयार गरि प्रस्तुत गरिएको छ ।

## चरण-४: स्वीकृति चरण

***प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन***

उल्लिखित विधि प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुति तथा छलफल गरी आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले गाउँपालिकामा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो । उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरुमा प्रस्तुति तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरणलाई समेत अन्तिम रुप प्रदान गरियो ।

***प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी***

मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमका साथै विभिन्न महाशाखा/शाखाहरुबाट प्राप्त सुझावहरु तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन तथा समावेश गरी मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

***प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको स्वीकृति***

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त गाउँ सभामा पेश गरी स्वीकृत गरियो ।

# परिच्छेद ३
# मध्यमकालीन खर्च संरचना

## ३.१ पृष्ठभूमि

नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच अनुरुप तयार चालु सोह्रौं योजना, गण्डकी प्रदेश सरकारको प्रथम आवधिक योजना र गाउँपालिकाको गाउँ विकास योजनाका नीति तथा कार्यक्रमलाई यस दस्तावेजमा समेट्ने प्रयास गरिएको छ । योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ ।

आर्थिक वर्षका (२०८३/८४-२०८५/८६) का लागि तुर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले तीनै तहका सरकारहरुका योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गीचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेटने प्रयास गरिएको छ ।

## ३.२ चूनौति तथा अवसर

संविधान प्रदत्त २२ वटा एकल अधिकार र संघ प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न गाउँपालिकासँग पर्याप्त कानून तथा नीतिहरु तयार गर्नु आवश्यक हुन्छ । संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, सोह्रौं योजना, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना र गाउँको विकास योजनाको उद्देश्य हासिल गर्न गाउँपालिकामा पर्याप्त ऐन तथा नीतिहरु बनिनसक्नु, वित्तीय सङ्घीयतको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नुलाई प्रमुख चूनौतिको रुपमा लिएको छ । यसै गरी विभिन्न प्रकारका प्राकृतिक प्रकोप आदिले पार्ने क्षतिको

व्यवस्थापन हुन नसक्नु, कृषि र पशुजन्य पूर्वाधारको अभाव, सिँचाइको व्यवस्था नहुनु, पर्यटकीय उत्पादनको पूर्वाधार तथा सूचना केन्द्रको अभाव, भौतिक पूर्वाधारको आधुनिकीरण हुन नसक्नु, सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्राविधिक शिक्षाको पहुँचमा कमी हुनु, वडागत जनघनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, भौतिक संरचनाहरु बालबालिका, अपाङ्ग तथा महिलामैत्री नहुनु, बाल विवाह, जातिय छुवाछुत कायमै रहनु, सुकुम्वासी परिवारमा खानेपानीको पहुँचमा कमी, गाउँ ससरसफाईका लागि फोहोर वर्गीकरण तथा प्रशोधन विधि नअपनाउनु र खेल मैदानहरुको पूर्वाधार विकास पर्याप्त नहुनु चूनौतिपूर्ण रहेका छन् ।

गण्डकी प्रदेश अन्तर्गत गोर्खा जिल्लामा पर्ने गण्डकी गाउँपालिका नेपालका उच्च कृषि उत्पादकत्व भएका क्षेत्रहरु मध्ये एक हो । तसर्थ व्यावसायिक कृषि यहाँको प्रमूख सम्भावना भएको क्षेत्र हो । वडा ६ र वडा ७ मा व्यवसायिक कृषिको अभ्यास हुँदै आए पनि अन्य वडामा कृषिमा व्यवसायिकताको लागि आवश्यक पहल हुन सकेको छैन् । अर्को तर्फ नेपालका प्रमुख शहरहरुमा सहज पहुँच प्राप्त यो गाउँपलिकाका लागि कृषि, उद्योग व्यवसाय, पर्यटन  क्षेत्रको विकासको सम्भावना तथा अवसर दुवै छ । अर्को तर्फ जैविक विविधता तथा जलाधार युक्त क्षेत्रको प्रवर्द्धनबाट गाउँपालिकाले धेरै लाभ लिन सक्ने देखिन्छ ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माणभई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकासका कार्यहरु क्रमशः कार्यान्वयन हुँदै जानु अहिलेका प्रमुख अवसरहरु हुन् । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

## ३.३ सोच, उद्देश्य तथा रणनीति

नेपाल सरकारको दीर्घकालीन सोच ‘‘समृद्ध नेपाल सुखी नेपाली’’ तथा गण्डकी प्रदेश सरकारको दीर्घकालीन सोच ‘समृद्ध प्रदेश र सुखी नागरिक’ तथा नेपाल सरकारको सोह्रौं योजना (२०८१/८२- २०८५/८६) को सोच ‘सुशासन, सामाजिक न्याय र समृद्धि’ तथा गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) को सोच ‘आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी’ तथा  गण्डकी गाउँपालिकाको श्रोत

र साधनलाई दृष्टिगत गर्दै गाउँपालिकाको प्रथम पञ्च वर्षीय योजना (२०७८/७९- २०८२/८३) ले गाउँपालिकाले निम्न अनुसारको सोच, लक्ष्य उद्देश्य तथा रणनीति राखेको छ :

### ३.३.१ दीर्घकालीन सोच

"विविधतामा एकता गण्डकी बासीको सान, समृद्ध गण्डकी हाम्रो अभियान "

### ३.३.२ गाउँपालिका विकासको लक्ष्य

उत्पादनशील रोजगारी, मर्यादित जीवन, समावेशी र सुशासनयुक्त गाउँपालिका ।

### ३.३.३ गाउँपालिका विकासको उद्देश्य

- कृषिको आधुनिकीकरण, व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमताको माध्यमद्वारा उत्पादन, रोजगारी र आयआर्जनका अवसर प्रवर्द्धन गरी गरिबी न्यूनीकरण गर्नु ।
- गुणस्तरीय स्वास्थ्य र शिक्षामार्फत समावेशी, सिर्जनशील, दक्ष, प्रतीपर्धी, उत्पादनशील र नवप्रवर्तनशील नागरिक उत्पादन तथा सभ्य समाजको आधार तयार गर्ने ।
- दिगो र सुरक्षित वस्ती निर्माणका साथै भौतिक सुविधा तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने ।
- हरियाली प्रवर्द्धनसहित सफा, स्वच्छ वातावरणमैत्री विपद् व्यवस्थापनसहितको गाउँपालिका निर्माण गर्नु ।
- सांस्कृतिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने ।
- गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्नु तथा स्थानीय सेवा तथा विकास उपलब्धीलाई समावेशी, सहज, प्रभावकारी र जवाफदेही बनाउने ।
- वन, जलाधार एवम् जैविक विविधताको संरक्षण, गुणस्तर तथा दिगो प्रयोगमा अभिवृद्धि गर्ने ।
- विकास पूर्वाधारलाई विपद् प्रतिरोधी तथा सामाजिक एवम् संस्थागत जीवनलाई उत्थानशील बनाउने ।

### ३.३.४ गाउँपालिका विकासको रणनीति

गाउँपालिकाको समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यलाई तोकिएको समयावधिमा पूर्णता दिन गाउँ विकास योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्बन गरेको छ ।

- विकास प्रकृयालाई द्रुततर र प्रभावकारी बनाउन अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्रभाबकारी गराउने
- कृषिमा व्यावसायिक तथा यान्त्रीकरणको माध्यमबाट प्रतिष्पर्धात्मक र उच्च प्रतिफलयुक्त तुल्याउने ।
- कृषि तथा पशुजन्य उपजको मुल्य तथा बजार मागका आधारमा उत्पादनलाई विशिष्टिकरण, व्यावसायिकरण, विविधिकरण गरी उत्पादन, रोजगारी तथा आम्दानीमा वृद्धि गर्ने
- प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दिगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
- गाउँपालिकालाई कृषि/पर्या-पर्यटनको केन्द्रको रुपमा विकास गर्ने तथा पर्यटन व्यवसायको प्रवर्द्धन मार्फत आय तथा रोजगारीमा वृद्धि गर्ने
- पूर्वाधार विकासको गुणस्तरीयता तथा दिगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
- दिगो तथा उत्पादनशिल पूर्वाधार निर्माण, सहज यातायात, सुरक्षित आवास, सुलभ सञ्चार सुबिधा र स्वच्छ उर्जाको विस्तार र स्तरोन्नति गर्ने
- गुणस्तरीय तथा व्यावसायिक शिक्षामा गाउँपालिकाका सबै नागरिकको पहुँच विस्तार गर्ने,
- गुणस्तरीय स्वास्थ्यमा पहुँच तथा स्वस्थ जीवन शैली, सुद्धृढ सरसफाई तथा स्वच्छ खानेपानी सुविधाको सुनिश्चित गर्ने,
- जलवायु परिवर्तनको असर न्यूनीकरण र दैवीप्रकोप व्यवस्थापनका लागि वडा स्तरमा नै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गर्ने,
- सामाजिक न्याय, समावेशीकरण, सामाजिक सुरक्षामा सहज पहुँच स्थापित गर्ने तथा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाको संस्थागत संरचनाको वर्तमान अवस्थालाई अत्याधुनिक, स्मार्ट, उच्च मनोवल युक्त, सकारात्मक र परिणाममुखी बनाउन नीतिगत व्यवस्था गर्ने ।
- विकासको प्रकृयालाई योजनावद्ध, दिगो, नतिजामुखी र विपद् उत्थानशील बनाउने
- जनमुखी सेवा प्रबाह, आयोजना व्यवस्थापन क्षमता र जवाफदेहिताको अभिवृद्धि गर्दै सुशासनको प्रवर्द्धन गर्ने
- नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरी आन्तरिक राजश्व सदृढिकरण, विवेकपूर्ण श्रोत परिचालन र वित्तीय अनुशासन प्रवर्द्धन गर्ने ।

## ३.४ मध्यमकालीन आर्थिक खाका

राष्ट्रिय सोच तथा संकल्प "समृद्ध नेपाल र सुखी नेपाली", गण्डकी प्रदेशको सोच तथा लक्ष्य 'समृद्ध प्रदेश र सुखी नागरिक' र गण्डकी गाउँपालिकाको दीर्घकालीन सोच "विविधतामा एकता गण्डकी बासीको सान, समृद्ध गण्डकी हाम्रो अभियान" तथा गाउँ विकासको लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। नेपाल सरकारको सोह्रौँ योजना, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना तथा गाउँपालिकाको आधवधिक योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

## ३.५ मध्यमकालीन बजेट खाका

गाउँ विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिई गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यक हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ । विभिन्न खालको विपद्, जलवायु परिवर्तनजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ।

गाउँ विकासका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमको लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, देशको समग्र आर्थिक स्थितिमा आएको सुस्तता तथा अन्य विपद्बाट स्रोत परिचालनमा परेको चाप र

आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई पनि ध्यान दिइएको छ।

पहिलो वर्षको खर्च संरचनाको राजस्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८१/८२ को बजेट राजस्व तथा विनियोजनका आधारमा गरिएको छ भने दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको विकास योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाइ प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आगामी आ.व.हरुका लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगत आ.व.हरुको स्रोत संकलन, चालु आ.व.को अनुमान र नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बाँडफाँटका दस्तावेजहरुलाई मुख्य आधारका रुपमा लिईएको छ।

गाउँपालिकाको आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. २ अर्ब १८ करोड २१ लाख (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। स्रोत परिचालनतर्फ आन्तरिक स्रोतबाट रु. १८ करोड ३४ लाख, राजस्व बाँडफाटबाट रु. ३६ करोड २१ लाख र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. १ अर्ब ५३ करोड ६ लाख र गण्डकी प्रदेश सरकारबाट रु. ८ करोड ८२ लाख गरी कुल आय रु. २ अर्ब १६ करोड ४४ लाख व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका २० मा उल्लेख गरिएको छ।

***तालिका २०: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)***

| विवरण | २०८०/८१ को यथार्थ | २०८१/८२ को यथार्थ | २०८२/८३ को अनुमानित | मध्यमकालीन लक्ष्य प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| ***बजेट अनुमान*** | | | | | | | |
| कुल बजेट | ५५७६९० | ५५३४७० | ६५०१०० | ६८७२४४.६ | ७२६५९४.५ | ७६८२८५.८ | २१८२१२५ |
| चालु बजेट | ३७६००६ | ३८१७६० | ४६४५१५ | ४८७७४०.८ | ५१२१२७.८ | ५३७७३४.२ | १५३७६०३ |
| पूँजीगत बजेट | १८१६८४ | १७१७१० | १८५५८५ | १९९५०३.९ | २१४४६६.७ | २३०५५१.७ | ६४४५२२.२ |
| ***स्रोत अनुमान*** | | | | | | | |
| संघीय सरकारबाट प्राप्त हुने अनुदान | ४०५९३३ | ४०१८१४ | ४६२४०० | ४८५५२० | ५०९७९६ | ५३५२८५.८ | १५३०६०२ |
| प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | २११०७ | २४५४४ | २७९९९ | २८६९८.९८ | २९४१६.४५ | ३०१५१.८६ | ८८२६७.२८ |
| राजश्व बाँडफाँटबाट प्राप्त हुने | ६५१९५ | ९९४७३ | १०४२९२ | ११२११३.९ | १२०५२२.४ | १२९५६१.६ | ३६२१९८ |
| आन्तरिक स्रोत | ११३७३५ | ८४४३३ | ५५४०९ | ५८१७९.४५ | ६१०८८.४२ | ६४१४२.८४ | १८३४१०.७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुल आय | ६०५९७० | ६१०२६४ | ६५०१०० | ६८४५१२.३ | ७२०८२३.३ | ७५९१४२.१ | २१६४४७८ |
| ***बजेट बचत वा घाटा*** | ४८२८० | ५६७९४ | ० | -२७३२.३ | -५७७१.१४ | -९१४३.७१ | -१७६४७.२ |

गाउँपालिकाले आन्तरिक स्रोत वृद्धिको लागि सम्भावित राजश्वका नयाँ स्रोतको पहिचान गर्नुपर्ने आवश्यकता देखिन्छ ।

# परिच्छेद ४

# आर्थिक विकास क्षेत्र

गण्डकी गाउँपालिकाको आवधिक योजनाले तय गरेको आर्थिक क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ । आर्थिक क्षेत्र अन्तर्गत कृषि तथा पशुपंक्षी, जलस्रोत तथा सिँचाइ र उद्योग व्यापार तथा व्यवसाय, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था सहकारी तथा वित्तीय सेवा र श्रम, रोजगारी तथा गरिबी निवारण आदि उपक्षेत्र समेटिएको छ ।

***तालिका २१: आर्थिक विकास अन्तर्गतका केही क्षेत्रमा विनियोजित बजेट** (रु. हजारमा)*

| क्षेत्रहरु | २०८२/८३ | मध्यमकालीन लक्ष्य प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|---|
| | को अनुमानित | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| कृषि तथा पशुपन्छी | १८८७० | १९८१४ | २०८०४ | २१८४४ | ६२४६२ |
| जलस्रोत तथा सिँचाई | १५०० | १५६० | १६२२ | १६८७ | ४८७० |
| पर्यटन | २३०० | २५३० | २७८३ | ३०६१ | ८३७४ |
| उद्योग तथा वाणिज्य | १५०० | १५३८ | १५७६ | १६१५ | ४७२९ |
| श्रम तथा रोजगारी | ५७८ | ५९२ | ६०७ | ६२२ | १८२२ |
| सहकारी | ३०० | ३०८ | ३१५ | ३२३ | ९४६ |
| कुल | २५०४८ | २६३४१ | २७७०८ | २९१५४ | ८३२०३ |

आर्थिक विकास अन्तर्गतका कृषि तथा पशुपंक्षी, जलश्रोत तथा सिँचाइ, उद्योग जस्ता उपक्षेत्रहरुमा तीन वर्षको कुल ८ करोड ३२ लाख रुपैयाँ बजेट प्रक्षेपण गरिएको छ । यी उपक्षेत्रहरुमा सबैभन्दा बढी कृषि तथा पशुपंक्षी उपक्षेत्रमा रु. ६ करोड २४ लाख र पर्यटनमा ८३ लाख वजेट अनुमान गरिएको छ ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

- गण्डकी गाउँपालिकाको प्रमुख आर्थिक क्षेत्र मध्ये कृषि एक हो । राष्ट्रिय कृषि गणना २०७८ अनुसार गण्डकी गाउँपालिकामा ५ हजार ५१८ कृषक परिवार रहेका छन् भने कृषक परिवारले चलन गरेको जग्गाको क्षेत्रफल २३६९.८ हेक्टर रहेको छ । खेतीयोग्य जमीन मध्ये ३८३.९ हेक्टर जमीनमा सिँचाइ सुविधा पगेुको छ भने १४८५ कृषक परिवारले सिँचाई सुविधा उपयोग गर्दछन् । यस मध्ये १८०२.६ हेक्टर

जमीनमा ५५०५ परिवारले अस्थायी खेती लगाएका छन् भने १२५.७ हेक्टर जमीनमा १४४७ परिवारले स्थायी बाली लगाएका छन् ।

बालीको प्रकारका आधारमा गण्डकी गाउँपालिकामा खाद्यान्न बालीमा संलग्न कृषक परिवारको संख्या धेरै छ भने खेती लगाइएको जमीनको क्षेत्रफल पनि धेरै छ । त्यसपछि क्रमशः तरकारी बाली तथा दाल बालीमा संलग्न कृषक परिवार धेरै छन् ।

तालिका २२: बालीको प्रकार अनुसार खेतीमा संलग्न परिवार तथा खेती लगाइएको जमीनको क्षेत्रफल

| *क्र.सं* | *बालीको प्रकार* | *खेतीमा संलग्न परिवार संख्या* | *खेती लगाइएको जमीनको क्षेत्रफल (हे.)* |
|---|---|---|---|
| १ | खाद्यान्न बाली | ५५९४ | २५२४.५ |
| २ | कोसे/दाल बाली | ३७१६ | ४२९.४ |
| ३ | कन्दमुल बाली | २३८९ | ९३ |
| ४ | तेलहन बाली | ७४६ | ७२.९ |
| ५ | तरकारी बाली | ४०३६ | ६४६.१ |
| ६ | अन्य अस्थायी बाली | ४४९९ | १०१.९ |

स्रोतः राष्ट्रिय कृषि गणना २०७८

खाद्यान्न बाली अन्तर्गत सबैभन्दा धेरै जमीनमा मकैको खेती हुन्छ भने त्यसपछि क्रमशः धान, कोदो तथा गहुँ खेती हुने गरेको छ ।

| क्र.सं | बालीको प्रकार | खेतीमा संलग्न परिवार संख्या | खेती लगाइएको जमीनको क्षेत्रफल(हे.) |
|---|---|---|---|
| १ | धान | २३७४ | ५०७.९ |
| २ | मकै | ५४९४ | १४७३.४ |
| ३ | गहुँ | ६८९ | ७८.७ |
| ४ | कोदो | ३३४० | ४६१.८ |

| | | | |
|---|---|---|---|
| ५ | जौ/उवा | २६ | २.८ |

स्रोतः राष्ट्रिय कृषि गणना २०७८

फलफूल खेती तर्फ केही किसानहरुले बगैँचा नै बनाएर फलफूल खेती गरेका छन् भने केही किसानको अन्य बाली लगाउने जमीनमा फलफूलका रुखहरु छरिएर रहेका छन् । यस गाउँपालिकामा सुन्तला, कागती, आँप, केरा जस्ता फलपूल खेती हुँदै आएको छ ।

| क्र.सं. | फलफूलको प्रकार | संलग्न कृषक परिवार | बगैँचाको रुपमा लगाइएको | | छरिएर रहेका बोट संख्या |
|---|---|---|---|---|---|
| | | | क्षेत्रफल ( हे.) | बोट संख्या | |
| १ | सुन्तला | १०८७ | १९.३ | १३५०७ | ८४१३ |
| २ | कागती | ५२३ | ८ | ७४६६ | २०८३ |
| ३ | आँप | ११४६ | ८.५ | १६२६ | २६६५ |
| ४ | केरा | १३२१ | १४.२ | १३३०६ | ९४४६ |

स्रोतः राष्ट्रिय कृषि गणना २०७८

पशुपन्छीपालन तर्फ भने गाई/गोरु, भैँसी/राँगा, बाख्रा/च्यांग्रा, भेडा/भेडी, सुँगुर/बँगुर, कुखुरा आदि पाल्ने किसानहरु रहेका छन् । यस गाउँपालिकामा गाई/गोरु पाल्ने किसानको संख्या भन्दा भैँसी/राँगा पाल्ने किसानको संख्या धेरै रहेको छ ।

तालिका २३ः पशुपन्छीपालनमा संलग्न कृषक परिवार तथा पशुपन्छी संख्या

| क्र.सं. | पशुपन्छी | संलग्न कृषक परिवार | पशुपन्छी संख्या |
|---|---|---|---|
| १ | गाई/गोरु | २१८० | ५००८ |
| २ | भैँसी/राँगा | २९६५ | ५१९१ |
| ३ | बाख्रा/च्यांग्रा | ४९६५ | ४०००७ |
| ४ | भेडा/भेडी | २२ | ३३ |
| ५ | सुँगुर/बँगुर | ७२९ | ११२९ |

| | | | |
|---|---|---|---|
| ६ | कुखुरा | ४१७८ | ९६८९३ |
| ७ | अन्य पन्छी | २२१ | ६९१ |

स्रोतः राष्ट्रिय कृषि गणना २०७८

### ४.१.२ सम्भावना तथा अवसर

समुद्र सतहदेखि २७० मिटर देखि १७१० मिटरसम्मको उचाईमा रहेको यस गाउँपालिकामा कृषिजन्य उत्पादनको विविधताको उच्च सम्भावना रहेको छ । यस गाउँपालिकामा खाद्यबाली, तरकारी बाली तथा फलफूलको व्यवसायिक उत्पादनको सम्भावना रहेको छ । गाउँपालिकामा कृषि पर्यटनको सम्भावना पनि रहेको छ । त्यस्तै, नेपालको संघीय राजधानी काठमाडौँ तथा चितवनको नारायणगढ बजार तथा गण्डकी प्रदेशको राजधानी पोखरा पनि नजिक हुनुले कृषि उपजको बजार सम्भावना उच्च रहेको छ ।

### ४.१.३ समस्या तथा चुनौती

यस गाउँपालिकाको कृषि विकासमा आवश्यक भौतिक पूर्वाधारहरु जस्तै सिँचाइ, सडक, सुनिश्चित कृषि बजार, शीत भण्डार, गोदाम घर, संकलन केन्द्र आदी कृषि विकासको मुल समस्याको रुपमा लिइएको छ । साथै उत्पादित कृषि उपजको बजारीकरण एवं उचित मूल्यमा विक्री वितरण हुन नसक्नु, कृषि प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु, कृषि उपजको सुरक्षित भण्डारणको व्यवस्था नहुनु पनि समस्या रहेको छ । यसका अतिरिक्त बाँदर लगायतका अन्य जंगली जनावरबाट बालीमा हुने क्षति पनि चुनौतीको रुपमा रहेको छ । कृषि उपजलाई बजारसम्म पुऱ्याउन यातायात तथा भरपर्दो ढुवानी सेवाको अभाव रहेको छ ।

### ४.१.४ लक्ष्य

दिगो र व्यावसायिक विकासद्धारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आय आर्जनउन्मुख वनाउने ।

### ४.१.५ रणनीति

- कृषि उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।
- तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभुत खाद्य वस्तुको उत्पादनबाट आधारभुत आय हासिल गर्ने ।
- रैथाने बीउविजन संरक्षण तथा रैथाने खेतीको प्रवर्द्धन गर्ने ।

- कृषि क्षेत्रको अतिरित्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमाथिको निर्भरता कम गर्ने ।
- जलवायु परिवर्तन र प्रकोपवाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- कृषि तथा पशुसेवामा प्रयोग भइरहेको स्थानीय सिपलाई आधुनिक सिप र प्रविधिमा अनुमिलन गराइ दिगो कृषि विकास गर्ने ।
- सिंचाइका उपयुत्त प्रविधि समेतको उपयोग गरी सिञ्चित क्षेत्र विस्तार गर्ने ।

## ४.१.६ कार्यनीति

- कृषिको विशिष्टीकरण, विविधीकरण, आधुनिकीकरण तथा व्यावसायीकरण गरी उत्पादन परिमाण तथा गुणस्तर अभिबृद्धि गर्ने नीति लिइनेछ । परम्परागत कृषि पेशालाई व्यावसायिक कृषि विकासका लागि दीर्घकालीन रणनीतिक गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको कृषियोग्य जमीनको पहिचान तथा माटो परीक्षण गरी अन्न उत्पादन, तरकारी उत्पादन तथा फलफूल उत्पादनको विभिन्न पकेटहरु निर्धारण गरी उत्पादन वृद्धिमा जोड दिइनेछ ।
- उत्पादनमा आधारित अनुदानलाई व्यवस्थित गर्न एवम् सो को बारेमा तत्काल जानकारी प्राप्त गर्नको लागि डिजिटल प्रणाली प्रयोगमा ल्याइनेछ ।
- रैथाने खेतीको प्रवर्द्धनका लागि प्रोत्साहन कार्यक्रम ल्याइनेछ ।
- कृषियोग्य भूमिको पूर्ण उपयोग, सुनिश्चित गर्न गाउँभित्र रहेका कुनैपनि कृषियोग्य जमिन बाँझो नराख्ने कार्यनीति लिइनेछ ।
- व्यक्तिगत वा संघ संस्थाका स्वामित्वमा रहेका बाँझो जमिनमा खेती गर्न चाहने कृषक वा समुहलाई दुवै पक्षसँग आवश्यक समन्वय गरी खेती गर्न प्रेरित गरिनेछ ।
- व्यवसायिक खेती गर्न चाहने जो कोही किसानलाई उत्पादन मात्राको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ । खाली जमिनमा असल कृषि अभ्यास कार्यक्रम संचालन गरिनेछ ।
- अर्गानिक कृषि उत्पादन गर्ने किसानलाई हावा अनुकूल तथा भू-बनावटको आधारमा बिऊ तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ ।

- गाउँभित्र उत्पादित कृषि उपजको सहज पहुँचका लागि बजार सुनिश्चित गर्न आवश्यक स्थानमा थोक तरकारी खरिद बिक्री केन्द्र स्थापना गरिनेछ ।
- कृषक समूह र सहकारी संस्था गठन गर्न प्रोत्साहित गरिने, कृषकको बर्गीकरण गर्ने र सोही अनुसार सुविधा एवं अनुदानको व्यावस्था गरी कृषि पेसालाई पुरस्कृत एवं सम्मानित गरिनेछ ।
- कृषि पेसा तथा जैविक र व्यावसायिक उत्पादनमा संलग्न किसानलाई प्रोत्साहित गर्न वार्षिक रुपमा उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।
- जैविक मल तथा विषादीको उत्पादन एवं प्रयोग गर्न कृषकलाई सचेतना तथा उत्पादन प्रविधि र प्रसार कार्यक्रमको संचालनको व्यवस्था गरिनेछ ।
- उन्नत जातका बाख्रा, गाई, भैसीपालनलाई प्रोत्साहन गरिनेछ । पशु स्वास्थ्य सेवालाई चुस्त, दुरुस्त र भरपर्दो बनाइनेछ ।
- च्याउ, कुखुरापालन, फलफूल खेती, बाख्रापालन, गाईपालन, फलफूल उत्पादनका लागि स्थान, माटो र हावापानी अुसारको बाली छनौट गरि व्यावसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ । कृषि मल, बिऊ तथा कृषि औजारहरुको वितरणको लागि निर्देशिका बनाई कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको जमिनमा फलफुल तथा नर्सरी स्थापना गरी गाउँपालिकालाई चाहिने बिरुवा आफै उत्पादन गर्ने नीति लिइनेछ ।
- छरिएर रहेका किसानहरुलाई समूहमा आवद्ध गरी व्यावसाय संचालन सम्बन्धी ज्ञान सीप र प्रविधि हस्तान्तरण गरिनेछ । यसका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने नीति लिइनेछ ।
- व्यवसायिक पशुपन्छी, माछा तथा मौरीपालनका लागि प्रोत्साहन कार्यक्रम ल्याइनेछ ।
- प्राविधिकहरु किसानहररुको गोठ वा फर्ममा पुगी पशुपंक्षी सम्बन्धी सेवा दिने तथा कृषकहरुको खेतीबाली लगाएकै ठाउँमा गएर बालीनाली सम्वन्धी सेवा दिने प्रवन्ध मिलाइनेछ ।
- कृषकको आय आर्जनमा वृद्धि गर्न उत्पादनमा आधारित अनुदानलाई निरन्तरता दिइनेछ ।
- प्राङ्गारिक मल बनाउने विधिको विषयमा अध्ययन अनुसन्धान गर्ने नीति तय गरिनेछ ।
- किसानलाई प्रोत्साहन गर्न तथा युवालाई कृषिमा लाग्न उत्प्रेरित गर्न कृषि बिऊ बिजन, मलखाद तथा औषधीमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

- माटो अनुसार उत्पादन बढाउन र बाली लगाउन कृषि योग्य भूमि पहिचान गरी माटो परीक्षणको व्यवस्था मिलाइने छ ।
- बैदेशिक रोजगारी गुमाएका युवालाई सामूहिक खेती गर्न प्रेरित गरी कृषिमा लाग्न बैंकबाट सहुलियत कर्जा प्राप्तिका लागि गाउँपालिका जमानत बस्ने व्यवस्थाको पहल गरिनेछ ।
- बाँदर प्रभावित क्षेत्रमा घाँस उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- पशुपन्छी तथा मत्स्य व्यवसायमा जोखिम कम गर्न पशु बिमा कार्यक्रम संचालन गरिनेछ ।

### ४.१.७ अपेक्षित उपलब्धि तथा परिमाणात्मक स्थिति

कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी स्थानीय अर्थतन्त्रमा टेवा पुगेको हुने तथा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर भई कृषि उपज निर्यात भएको हुने ।

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

गाउँपालिकाको गाउँपालिका क्षेत्रमा साना ठूला गरी कुल ८४ वटा कुलोहरु सञ्चालनमा रहेको छ । सञ्चालित १७ वटा कुलोहरु वर्षैभरी सञ्चालन हुने र ६७ वटा कुलो मौसमी रुपमा सञ्चालन हुने गरेको देखिन्छ । जसअनुसार सबै कुलोबाट सिन्चित जमिन ११७८० रोपनी रहेको छ भने लाभान्वित घरधुरी संख्या २१२९ रहेको छ । कुल खेतियोग्य जमिनको करीव ८० प्रतिशत भूभागमा अझै सिंचाई पुर्‍याउन बाँकी देखिन्छ ।

### ४.२.२ सम्भावना तथा अवसर

सिँचाइका लागि पर्याप्त स्रोतहरु उपलब्ध हुनु, खोलाबाट सिँचाई सुविधा पुर्‍याउन कठीन हुने क्षेत्रमा आकासे पानी संकलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु हुनु, सिँचाईलाई गाउँपालिकाले प्राथमिकतामा राख्नु जस्ता कारणले खेतीयोग्य जमिनमा सर्वयाम सिँचाई पुगी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि भई खाद्यसुरक्षामा सुधार हुने तथा खाद्यवस्तुको निर्यात भई आयआर्जनमा वृद्धि हुने सम्भावना रहेको छ ।

### *४.२.३ समस्या तथा चुनौती*

प्राकृतिक प्रणालीमा आधारित खोलाहरु भएकोले वर्षैभरी भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउन नसक्नु, साना सिँचाइ आयोजना खर्चिलो हुनु, प्राकृतिक मुल तथा मुहानहरु सुक्दैजानु, जलउत्पन्न प्रकोपका कारण

पुगेको क्षति मर्मतको लागि खर्चिलो हुनु, आदी यस क्षेत्रका प्रमुख समस्या हुन् । गाउँपालिकामा सिंचाई अनुकूलको क्षेत्रफल न्यून हुनु, खेत बाहिर सिंचाई सुविधाको उपयोग हुन नसक्नु, भएका श्रोतहरुको उपयोग हुन नसक्नु, बैकल्पिक सिंचाई सुविधाको अभ्यास नहुनु, पानीको पुनः संरक्षण (चभअजबचनभ) मा ध्यान नजानु र अव्यवस्थित बस्ती विकासबाट पानीको उचित व्यवस्थापन हुन नसक्नु आदि चुनौतीहरू देखिएका छन् ।

### ४.२.४ लक्ष्य

भरपर्दो र सर्वयाम सिँचाई प्रणालीको विकास गरी कृषिजन्य उत्पादनमा वृद्धि गर्ने ।

### ४.२.५ रणनीति

- मुख्य कुलोहरुको स्तर उन्नति गरी कृषि श्रेत्रको खम्वाको रुपमा विकास गरिने ।
- सिंचाई पूर्वाधारको मर्मत सम्भार तथा नियमितताका लागि उपभोक्ताको सहभागितालाई प्रवर्द्धन गरिने ।
- सिंचाइ सुविधा उपलब्ध नरहेको खेतीयोग्य जमिनमा लिफ्टिङ, प्लाष्टिक पोखरी आदिमार्फत सिँचाइ सुविधालाई प्रभावकारी बनाइने ।
- कृषि विकास रणनीति अनुसार गुरुयोजना बनाई सिँचाई योजनाहरुको विकास एवम् विस्तार गर्ने ।
- संघ र प्रदेश सँग समन्वय गरी बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुने आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने ।

### ४.२.६ कार्यनीति

- सिँचाइका परम्परागत स्रोतहरुको विवरण संकलन तथा यस्ता स्रोतहरुको संरक्षणको कार्य सुरु गरिनेछ ।
- सिँचाई नपुगेका खेतीयोग्य जमिनको विवरण संकलन गरिनेछ ।
- सिँचाइका वैकल्पिक स्रोतहरुको पहिचान कार्य सुरु गरिनेछ ।
- सिँचाईको लागि साना ताल, पोखरी आदि निर्माण गरिनेछ ।
- सतह सिँचाइ नपुगेका ठाउँमा आकाशे पानी सञ्चित गरी संरक्षण पोखरी निर्माण गरी सिँचाइको व्यवस्था मिलाइनेछ ।
- सिँचाई पूर्वाधार निर्माण प्रयोजनको लागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ ।

- सिँचाई पूर्वाधार मर्मतसम्भारको लागि कोषको निर्माण गरिनेछ ।
- जलउत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरु अवलम्बन गरिनेछ ।
- जलउत्पन्न प्रकोपको दिगो नियन्त्रणको लागि स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ ।

### ४.२.७ अपेक्षित उपलब्धि र परिणात्मक स्थिति

कृषि योग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध भई खेतीयोग्य जमीनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुनेछ ।

## ४.३ सहकारी तथा गरिबी निवारण

### ४.३.१ पृष्ठभूमि

सहकारी, गाउँघर तथा सहरमा छरिएर रहेको साना पूँजी, श्रम, सीप र प्रविधि एकीकृत गरी उद्योग व्यवसायको विकास, रोजगारी वृद्धि र गरिबी न्यूनीकरण आदिमा एक सशक्त माध्यम हुन सक्छ। मुख्यतः ग्रामीण क्षेत्र तथा न्यून आय भएका घरपरिवारलाई वित्तीय सेवा पुऱ्याउन सहकारी क्षेत्रको महत्वपुर्ण भूमिका रहन्छ ।

नेपालको संविधान (२०७२) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्ने तथा सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने उल्लेख छ। गण्डकी गाउँपालिकामा २० सहकारी संस्थाहरु सञ्चालनरत भए पनि परियोजनामा आधारित तथा सामुहिक जमानीमा ऋण प्रवाह गर्ने नीति नभएका कारण सहकारीबाट गाउँपालिकाका जनताले अधिकतम लाभ लिन सकेका छैनन् ।

### ४.३.२ सम्भावना तथा अवसर

नेपालको संविधानले सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक प्रमूख आधारको रुपमा उल्लेख गर्नु, कुल गार्हस्थ्य उत्पादनमा ज्यादै न्यून (३ प्रतिशत हाराहारी) योगदान हुनु, उत्पादन, कृषि, प्रशोधन उद्योग, बजारीकरण, स्वास्थ्य, पर्यटन, यातायात परिवहन, बीमा, पर्यावरण, आवास, नविकरणीय उर्जा सहकारी जस्ता विविधता ल्याउन सकिने आदि अवसर तथा सम्भावना रहेका छन् ।

### ४.३.३ समस्या र चुनौती

सहकारीको मुल्य, मान्यता तथा सिद्धान्त विपरित सञ्चालन हुनु, संस्थागत सुशासनको अभाव हुनु, सहकारीहरुको नियमन कमजोर हुनु तथा प्रभावकारी अनुगमनको अभाव रहनु, अधिकांश सहकारी संस्थाहरु बचत तथा ऋणमा केन्द्रित रहनु, हाल संकटग्रस्त सहकारी संस्थाहरुमा रहेको जनताको बचत सुरक्षित फिर्ता गर्ने कार्य, सहकारी संस्थाहरुको डुबेको ऋण असुली गर्ने र वदुनियतपुर्ण तवरले जनताको बचत हिनामिना गर्ने सञ्चालकहरुलाई कारवाही र सहकारी संस्थाहरुको प्रभावकारी अनुगमनको लागि दोस्रो तह

(सेकेन्ड टियर) को संस्था, सहकारी संस्थाहरुको वित्तीय विवरण डिजिटलाइज्ड गर्नु आदि प्रमूख चुनौती रहेका छन् ।

### ४.३.४ लक्ष्य

स्थानीय आर्थिक विकासमा सहकारीको प्रवर्द्धन र परिचालन गदै गरिबी निवारणमा सघाउ पुऱ्याउने ।

### ४.३.५ सहकारी नीति

- सहकारीलाई व्यावस्थित गर्न, सहकारी, संघ-संस्था ऐन कार्यान्वयनमा ल्याइने छ। गाउँ क्षेत्रभित्रका सहकारीहरुको प्रभावकारी अनुगमन गरी राजस्वको दायराभित्र ल्याइनेछ । कृषि सहकारीहरुलाई सम्भाव्यताको आधारमा नमूना सहकारीको स्वरुपमा विकास गरिनेछ ।
- 'गाउँपालिका र सहकारीः उत्पादन र बजारीकरणमा साझेदारी' भन्ने मान्यताका साथ सहकारी क्षेत्रमा रहेको सर्वसाधारणको बचत सुरक्षित गर्न अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ ।
- सहकारीमार्फत कृषि उत्पादनको बजारीकरण गर्दै उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- एक सहकारीः एक व्यवसायिक उत्पादन मार्फत उद्योग तथा रोजगारी अभियान सञ्चालन गरिनेछ ।
- गाउँक्षेत्रभित्रका सहकारीहरुले त्रैमासिक रुपमा तोकिएको ढाँचामा गाउँपालिकामा विवरण बुझाउनुपर्ने व्यवस्था मिलाइनेछ ।
- सहकारी संघ-संस्थाहरुको एकीकरण प्रक्रियालाई प्रोत्साहन गर्दै सहकारीका सिद्धान्त तथा मूल्य मान्यतालाई व्यवहारमा उतार्ने नीति अवलम्वन गरिनेछ ।
- सहकारीका सुपथ मूल्य पसल खोल्न प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ । सहकारी संघ-संस्था मार्फत् किसानलाई चाहिने मलखाद बिऊ बिजन औषधि बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।
- सहकारी संस्था दर्ता नियमन गर्न सहजता अपनाइनेछ ।

### ४.३.६ रणनीति तथा कार्यनीति

- सहकारीमा आधारित एक क्षेत्र/गाँउ एक उत्पादनमा जोड दिने ।

- प्रत्येक वडामा एक संकलन तथा विक्री केन्द्रको स्थापना गरी सहकारीहरुलाई परिचालन गर्ने ।
- विषगतरुपमा दुग्ध विकास, पशु विकास, घरेलु तथा लघु उद्यम, कृषि खाध्य तथा उत्पादन विकास, पशुपंक्षी विकास, विउ विजन विकास, तरकारी तथा फलफुल विकास र वचत तथा ऋण जस्ता सहकारीहरुको प्रवर्द्धन र परिचालन गर्ने ।

### ४.३.७ परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

स्थानी स्तरमा हरेक परिवार सहकारीमा आवद्ध भएका हुनेछन । प्रत्येक वडामा एक संकलन तथा विक्री केन्द्रको स्थापना गरि सहकारीहरु परिचालन भएका हुने र दिगो विकास लक्ष्य १ हासिल भएको हुने ।

*तालिका २४: सहकारी र गरीबी निवारणसँग सम्वन्धित मुख्य कार्यक्रम*

| *कार्यक्रम* | *कसरी गर्ने, योजना अवधिको लक्ष्य* | *जिम्मेवार शाखा* |
|---|---|---|
| गाउँ क्षेत्रभित्रका सहकारीहरुको प्रभावकारी अनुगमन | नियमित, वर्षको कम्तीमा ४ पटक | गापा |
| कृषि सहकारीहरु क्षेत्र सम्भाव्यताको अध्ययन | पहिलो वर्ष | गापा |
| करार सम्झौतामा आधारित सहकारी खेतीलाई प्राथमिकता दिइनेछ | नियमित | गापा |
| कृषि नमूना सहकारी स्थापना गर्न प्रोत्साहन | गापा भित्र कमसे कम ५ वटा | गापा |
| सहकारीका सुपथ मूल्य पसल खोल्न प्रोत्साहिन | कमसेकम प्रत्येक वडामा एक | गापा |
| गरिब घरपरिवारको तथ्यांक संकलन | पहिलो वर्षमा तथ्यांक संकलन गर्ने | गापा |
| गरिब घरपरिवारलाई करार खेतीमा आवद्ध गर्ने | गरिब घरपरिवार पहिचानपछि दोस्रो वर्षबाट | गापा |

## ४.४ उद्योग, वाणिज्य तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

गाउँपालिकाले स्थानीय जनतालाई उद्यमशील बनाई घरेलु, साना तथा मझौला उद्योगको विकास र विस्तारमा संलग्न गराएर गाउँपालिकाको आर्थिक विकासलाई गतीशील बनाउन आवश्यक छ । उद्योगको विकासले रोजगारीको अवसरमा बृद्धि हुनुका साथै स्थानीय स्रोत साधनको उच्चतम परिचालन समेत हुने छ ।

गाउँपालिकामा ८४९ वटा व्यवसाय सञ्चालनमा रहेका छन् जसबाट वार्षिक रुपमा रु. १४ करोड ८३ लाख भन्दा बढीको कारोवार हुने गरेको छ। व्यवसायहरु मध्ये सबैभन्दा उच्च संख्यामा किराना पसल १२३ वटा रहेका छन् भने होटल १३, खाजाघर १५ मासु पसल ६ र अन्य १३४ वटा रहेका छन् ।

### ४.४.२ समस्या र चुनौती

- स्थानीय जनतामा उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्रमा स्थानीय पूँजी परिचालन हुन नसक्नु, स्थानीय तहमा निजी क्षेत्र आकर्षित हुन नसक्नु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधि संयोजन गर्न स्थानीय तहको निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, कृषि संग अन्य क्षेत्र जस्तै वन, खानी जोडिन नसक्नु यस क्षेत्रका समस्या हुन् ।
- लगानी मैत्री वातावरण सृजना गरी लागत लाभका आधारमा उद्यमीलाई आकर्षित गर्नु, पूर्वाधारको विकास गर्नु, कच्चा पदार्थको उपलब्धता, भरपर्दो श्रम नीति नहुनु आदी यस क्षेत्रको विकासको चुनौती हुन् ।
- गाँउपालिकामा विशेषतः खनिजमा आधारित उद्योगहरुमा रोडा, गिटी, वालुवा, ढुंगा उत्पादन गर्ने क्रसर उद्योगहरु रहेका छन् । यहाँ वैदेशिक रोजगारबाट रेमिट्यान्सलाई व्यवसायमा लगाउनका साथै बैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी सञ्चालन गर्न सकिने सम्भावना रहेको देखिन्छ।

### ४.४.३ लक्ष्य

- घरेलु तथा साना उद्योगको विकास र विस्तारबाट गाउँपालिकाको आर्थिक विकासमा योगदान गर्ने ।

### ४.४.४ रणनीति

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्द्धन गर्ने ।
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण गर्ने ।
- स्थानीय श्रमीकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमिकता दिने ।

### ४.४.५ उद्योग, बाणिज्य तथा रोजगार सम्बन्धी कार्यनीति

- गाउँपालिकाको आर्थिक वृद्धि दर र प्रति व्यक्ति आय बढाउन बाह्य तथा आन्तरिक लगानी र प्रविधिको प्रवर्द्धन गरिनेछ ।
- ***आफ्नै सीप आफ्नै कामः नखाऔँ है खाडीको घाम*** भन्ने अभियान मार्फत युवा जनशक्तिलाई सीपमूलक तालिम, उद्यमशीलता तालिम उपलब्ध गराई उद्यमी बन्न प्रोत्साहन गरिनेछ
- स्थानीय कच्चा पदार्थको आधारमा उद्योगको स्थापना गर्न प्रोत्साहन दिइने छ । मुख्य बजार क्षेत्रहरुमा बिक्री कक्ष, प्रर्दशनी कक्ष स्थापना गर्दै स्थानीय उत्पादनहरुको बजार प्रवर्द्धन गरिनेछ ।
- आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउदै, तुलनात्मक लागत लाभको दृष्टिले फाइदा हुने खालको बस्तु तथा सेवा उत्पादनमा जोड दिई आयात प्रतिस्थापनको नीति अवलम्वन गरिनेछ ।
- आधुनिक प्रविधिको प्रयोग गरी स्थानीयरुपमा उत्पादन हुने मदिराको गुणस्तर वृद्धि गरी ब्राण्डिङ तथा बजारीकरणलाई अझ व्यवस्थित गरिनेछ ।
- भू-उपयोग नीति बनाई कृषि/पशुपालन, उद्योगधन्दा संचालन क्षेत्र, आवस क्षेत्र निर्धारण गरी त्यही बमोजिम नीति बनाई उद्योग व्यवसायीलाई आकर्षित गर्ने योजना कार्यान्वयनमा ल्याइनेछ ।

## ४.४.६ परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्द्धन भएको हुनेछ ।
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण हुने छ ।
- स्थानीय आर्थिक विकासमा उल्लेख्य सुधार भएको हुनेछ ।

***तालिका २५: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा* |
|---|---|---|
| औद्योगिक/व्यवसायिक तथ्यांक संकलन तथा संभाव्यता अध्ययन | औद्योगिक तथ्यांक संकलन तथा संभाव्यता अध्ययन सम्पन्न भई नीति निर्माणमा सहयोग पुग्नेछ । | गापा |
| स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योग सञ्चालन तालिम | स्थानीय उत्पादनको बजार विस्तार र मुल्य अभिवृद्धिको लागि साना तथा घरेलु उद्योग सञ्चालन तालिम दिइनेछ । | गापा तथा विज्ञसँगको सहकार्य |
| सुन्तला लगायतका फलफूलबाट जुस बनाउने तालिम कार्यक्रम | सुन्तलाको जुस बनाउने तालिमबाट उद्यमशिलताको प्रवर्द्धन भएको हुने | गापा तथा विज्ञसँगको सहकार्य |

## ४.५ पर्यटन

### ४.५.१ पृष्ठभूमि

गाउँपालिकाको आर्थिक विकासका विभिन्न क्षेत्रहरुमध्ये पर्यटन एक महत्वपूर्ण क्षेत्र हो । पर्यटकीय क्षेत्रका रुपमा त्रिशुली नदी किनारा लगायत धार्मिक तथा ऐतिहासिक महत्वका विभिन्न मन्दिर गुम्बा तथा रमणीय तथा दर्शनीय क्षेत्रहरु कुल ६९ वटा रहेका छन् । यस गाउँपालिकामा रहेका प्राकृतिक मनोरम दृश्य तथा केही मठ मन्दिर तथा गुफाहरू साथै विभिन्न जातजातिहरूको संस्कृति पर्यटक आकर्षणको कारकहरू हुन् । धार्मिक तथा सांस्कृतिक विविधता र सहिष्णुता रहेको यस क्षेत्रमा बौद्ध तथा हिन्दु धर्मसँग सम्बन्धित धार्मिक सम्पदा रहेको पाईन्छ । यस गाउँपालिकामा पहाडी आदिवासी/जनजातिको बाहुल्य रहेको छ ।

### ४.५.२ समस्या र चुनौती

प्राचिन तथा मौलिक कला, जातीय संस्कृति, ऐतिहासिक मठमन्दिरको जगेर्ना हुन नसक्नु, विभिन्न जातजातीका संस्कृतिहरु दिनानुदिन लोप हुँदै जानु, गाउँपालिका भित्र आवश्यक मात्रामा स्तरीय होटल हुन नसक्नु, पर्यटकीय उपजको विविधीकरण गर्न नसक्नु जस्ता चुनौतीहरु रहेका छन् । गाउँपालिकाभित्र पर्ने पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्शाकंन, संरक्षण र व्यवस्थापन हुन सकेको छैन । महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना नहुनु समस्याको रुपमा रहेको देखिन्छ । भएका पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा पनि सूचना र प्रचारको कमी रहेको छ ।

### ४.५.३ लक्ष्य

ग्रामीण पर्यटनको प्रवर्द्धन गरी आर्थिक तथा सांस्कृतिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने ।

### *४.५.४ उद्देश्य*

१. पर्यटन गुरुयोजना तर्जुमा गर्नु ।
२. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचारप्रसार गर्नु
३. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको संरक्षण, पुनःनिर्माण र जिर्णोद्धार गर्नु ।
४. विभिन्न धर्म, भाषा, संस्कृति, कला। साहित्य र परम्पराको संरक्षण र प्रवर्द्धन गर्नु ।

### ४.५.५ रणनीति

- तीर देखि शीर सम्म अवधारणा अनुसार पर्यटक पदमार्ग तथा पर्यटक पूर्वाधार तयार गर्ने ।
- होटल तथा होमस्टे निर्माणमा सहजीकरण गर्ने ।
- पर्यटन व्यवसायसँगै स्थानीय कृषि तथा पशुपंक्षी उद्यमशीलतामा प्रबर्द्धन गर्ने ।

### ४.५.६ कार्यनीति

- त्रिशुली नदी किनार (तीर) देखि पहाडको शीर सम्म पर्यटक पदमार्ग तथा अन्य पूर्वाधार विकासमा जोड दिइनेछ ।
- बुढी गण्डकी र त्रिशुली नदीको संगमस्थल  बेनीधाम (वडा ८), भैरबीस्थान (वडा ४), भैरवी (वडा ६)महादेव डाँडा (वडा २) जस्ता क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा प्रवर्द्धन गरिनेछ ।
- गाउँ क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको योजनाबद्ध विकास गर्न तथा यस गाउँपालिकालाई दिगो पर्यटनमैत्री गाउँको रुपमा विकास गर्न पर्यटन गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- यस गाउँ क्षेत्रमा भएका धार्मिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन तथा उचित प्रयोग गर्दै धार्मिक पर्यटनलाई सुदृढ बनाइनेछ ।
- गाउँपालिकामा पर्यटन विकास तथा सांस्कृतिक संरक्षण समिति गठन गरी पर्यटन विकास, संस्कृति संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यहरु व्यवस्थित रुपमा संचालन गरिनेछ ।
- गाउँभित्रको कला, संस्कृति, रीतिरिवाज, परम्परा जीवन्त तुल्याउन पुरातात्विक स्वरुप कायम गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

### ४.५.७ परिणात्मक तथा अपेक्षित उपलब्धि

पर्यटकको आकर्षण बढाउनका लागि होटल तथा होमस्टेको व्यवस्था गरिने छ । पर्यटकिय क्षेत्रहरुको विकास र प्रवर्द्धन भएको हुनेछ । पर्यटन क्षेत्रको विकास र विस्तार, गाउँपालिकाको आर्थिक विकासको आधार हुनेछ ।

*तालिका २६: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा* |
|---|---|---|
| पर्यटन गुरुयोजना तर्जुमा | गण्डकी गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा भई योजनावद्ध पर्यटन विकास कार्यक्रम सुरु गर्ने आधार बन्ने | गापा तथा विज्ञसँगको सहकार्य |
| होमस्टे सञ्चालन तथा व्यवस्थापन तालिम कार्यक्रम सञ्चालन | होमस्टे सञ्चालन तथा व्यवस्थापन तालिम कार्यक्रमबाट ग्रामीण पर्यटनमा सेवा पुगेको हुने | गापा तथा विज्ञसँगको सहकार्य |

## ४.६ श्रम तथा रोजगारी

### ४.६.१ पृष्ठभूमि

गण्डकी गाउँपालिकामा १० वर्ष वा त्यो भन्दा बढी उमेर भएका जनसंख्या १८५०४ रहेको छ जसमा पुरुष ८८१० र महिला ९६९४ रहेका छन् । यी मध्ये १० हजार ३२२ जना आर्थिक क्रियाकलापमा सक्रिय छन् भने ५ हजार ९१ जना आर्थिक रुपमा सक्रिय नभएका, २५९२ खासै सक्रिय नभएका तथा ३५८ पूर्ण बेरोजगार र बाँकीको अवस्था उल्लेख छैन् ।

### ४.६.२ समस्या र चुनौती

गाउँपालिका स्तरमा दक्ष, अर्धदक्ष र सामान्य दक्ष श्रमिक तथा बेरोजगार जनशक्तिको तथ्याङ्क संकलन र सुचीकरण गर्नु तथा हरेक वर्ष अध्याबधिक, वर्गिकरण र विश्लेषण नहुनु प्रमुख समस्याको रुपमा रहेको छ । रोजगारीको लागि विदेशिने तथा नेपालका अन्य शहरहरुमा जाने प्रवृत्ति पनि गाउँपालिकाको लागि चुनौतीको रुपमा रहेको छ । स्थानीय आर्थिक विकासका कार्यक्रमहरु लागु गरि सो जनशक्ति यहीँ श्रम तथा रोजगारी गर्ने वातावरणको सिर्जना गर्नु आवश्यक छ ।

### *४.६.३ लक्ष्य*

समावेशी, सामाजिक सुरक्षा र संरक्षण प्रणालीमार्फत कल्याणकारी कार्यहरु सम्पादन गर्ने ।

### ४.६.४ *उद्देश्य*

१. स्वरोजगारी तथा आन्तरिक रोजगारी सिर्जना गर्नु ।

२. वैदेशिक रोजगारीमा जाने युवाहरुलाई सीप सिकाई सुरक्षित रोजगारीमा जाने प्रवन्ध मिलाउनु ।

३. सामाजिक सुरक्षाका कार्यक्रमहरुमा लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधको विस्तार गर्नु ।

### ४.६.५ *रणनीति*

- सिपमुलक र प्राविधिक तालिम, कच्चा पदार्थको व्यवस्था, विउ पूँजी, विक्री वितरणको व्यवस्थामा सहजीकरण गर्ने ।
- बैदेशिक रोजगारमा रहेका तथा फर्केका जनशक्तिहरुको तथ्याङ्क संकलन गरि उक्त सिपयुक्तः जनशक्तिको स्थानीय स्तरमा प्रविधि र सिप हस्तान्तरणका लागी उपयुक्त लगानीको वातावरण तथा रोजगारीको सृजना गर्दै गाउँपालिकामै उद्यमशीलतामा लगाउन सकिने अवस्थाको विकास गर्ने

### ४.६.६ *कार्यनीति*

- रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई गाउँपालिकाको पहलमा विभिन्न खालका तालिमहरु प्रदान गरी स्वरोजगार तथा सीपमुलक रोजगारीतर्फ प्रेरित गरिनेछ ।
- बेरोजगारहरुको लगत तयार गरी श्रम सूचना बैंक स्थापना गरिनेछ । उभोक्ता समितिमार्फत् कार्यान्वयन हुने आयोजनाहरु स्थापित श्रम बैंकमार्फत् संचालन गरिनेछ ।
- नेपाल सरकारको उद्योग मन्त्रालयसँग समन्वय गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई अझ प्रभावकारी रुपमा संचालन गरिनेछ । गरिबी निवारण सँग सम्वन्धित अन्य निकायलाई यस क्षेत्रमा कार्य गर्न सहजीकरण गरिनेछ ।
- विदेशवाट फिर्ता भएका जनशक्तिहरुलाई कृषि, उद्योग, वाणिज्य तथा स्वरोजगार सम्बन्धी आर्जित ज्ञान र सीप जस्ता योग्यता अनुभवलाई स्थानिय युवाहरुमा प्रसारित गर्न प्रोत्साहित र सहजीकरण गरिनेछ ।

### ४.६.७ *परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि*

- बैदेशिक रोजगारमा जाने दर उल्लेख्यरुपमा घटेको हुनेछ ।

- जनशक्तीको अद्यावधिक तथ्याङ्क हुनेछ ।
- उद्यमशीलताको प्रबर्द्धन र रोजगारीको श्रृजना भएको हुनेछ ।
- उद्यमी गाउँको रुपमा विकास हुने छ ।

***तालिका २७: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा* |
|---|---|---|
| बेरोजगारहरुको शैक्षिक योग्यता, सिपसहितको तथ्यांक संकलन गर्ने | गाउँपालिकमा रहेका बेरोजगार युवाहरुको शैक्षिक योग्यता, सिपसहितको तथ्यांक अद्यावधिक हुनेछ | गापा |
| रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरणसहितको प्रोफाइल तयार गर्ने | रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरणसहितको अद्यावधिक प्रोफाइल तयार भएको हुनेछ | गापा |
| लैंगिकताको आधारमा ज्यालामा गरिने विभेद हटाउन नियमन तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने (वर्षमा ४ पटक) | लैंगिकताको आधारमा ज्यालामा गरिने विभेद हटेको हुनेछ | गापा |
| वैदेशिक रोजगारीबाट प्राप्त अनुभव तथा सिकाइ आदानप्रदान कार्यक्रम | अनुभव तथा सिकाइबाट वैदेशिक रोजगारीमा जान चाहने तथा स्वदेशमा नै काम गर्न चाहनेहरु लाभान्वित हुने | गापा |
| प्लम्बिङ, इलेक्ट्रिसियन, ब्युटिसियन, वायरिङ, कपाल काट्ने, गुन्द्री बुन्ने, मोवाइल मर्मत जस्ता सीपमूलक तालिम सञ्चालन (हरेक वर्ष) | प्लम्बिङ्ग, इलेक्ट्रिसियन, ब्युटिसियन, वायरिङ्ग, मोवाइल मर्मत जस्ता सीपमूलक तालिम प्राप्त युवा जनशक्ति तयार हुनेछन् । | गापा |
| विपन्नहरुका लागि सीपमा आधारित उद्यम प्रवर्द्धनका लागि सहयोग कार्यक्रम | विपन्नहरुले सीपमूलक तालिम प्राप्त गरी गरिबी निवारणमा सहयोग पुग्नेछ | गापा |

# परिच्छेद ५

# सामाजिक क्षेत्र

गण्डकी गाउँपालिकाको आवधिक योजनाले तय गरेको सामाजिक क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ। सामाजिक क्षेत्र अन्तर्गत स्वास्थ्य तथा पोषण, शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक लगायतका उपक्षेत्रहरु रहेका छन् ।

***तालिका २८: सामाजिक क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्रहरुको लागि बजेट प्रक्षेपण (रकम रु हजारमा)***

| क्षेत्रहरु | २०८२/८३ | मध्यमकालीन लक्ष्य प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|---|
| | को अनुमानित | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| स्वास्थ्य तथा पोषण | ५८५५० | ६१४७८ | ६४५५१ | ६७७७९ | १९३८०८ |
| शिक्षा | २३८७१० | २४८२५८ | २५८१८९ | २६८५१६ | ७७४९६३ |
| खानेपानी तथा सरसफाई | २४०० | २६४० | २९०४ | ३१९४ | ८७३८ |
| लैङ्गिक तथा सामाजिक समावेशिता | २०४०० | २०९१० | २१४३३ | २१९६९ | ६४३११ |
| युवा तथा खेलकुद | ३५५५ | ३६४४ | ३७३५ | ३८२८ | ११२०७ |
| कुल | ३२३६१५ | ३३६९३० | ३५०८१२ | ३६५२८७ | १०५३०२८ |

सामाजिक विकास अन्तर्गत आगामी तीन वर्षका लागि कुल रु. १ अर्ब ५ करोड ३० लाख बजेट प्रक्षेपण गरिएको छ। सामाजिक विकास अन्तर्गत सबैभन्दा बढी शिक्षामा रु. ७७ करोड ४९ लाख र स्वास्थ्य तथा पोषणमा रु १९ करोड ३८ लाख अनुमान गरिएको छ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

स्वास्थ्य मानव विकास सूचकांकको एक महत्वपूर्ण आधार हो। गाउँवासीलाई स्वस्थ बनाई राख्नका लागि स्वास्थ्य संस्था, स्वास्थ्य कर्मचारी, स्वास्थ्य पूर्वाधारको आबश्यकता पर्दछ जुन प्रर्याप्त हुन सकिरहेको छैन । गण्डकी गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा तथा पोषणलाई उच्च प्राथमिकतामा राखी कार्य गर्दै आएको छ । यस गाउँपालिकाले स्वाथ्य तथा पोषण क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्यका साथ कार्य गरिरहेको छ। गाउँपालिकामा एक प्राथमिक स्वास्थ्य केन्द्र, पाँच स्वास्थ्य चौकी, १६ सामुदायिक

स्वास्थ्य केन्द्र, एक स्वास्थ्य सेवा केन्द्र, दुई आयुर्वेद औषधालय गरी कुल २५ स्वास्थ्य संस्था रहेका छन् ।

गाउँपालिकाका (मकैसिङ) स्वास्थ्य केन्द्रमा डिजिटल स्वास्थ्य सेवा प्रणाली, स्वास्थ्य बीमा सेवा तथा विभिन्न गैरसरकारी संस्थाहरुसँगको साझेदारीले स्वास्थ्य सेवा प्रभावकारी बनाउन सहयोग पुगेको छ ।

### *५.१.२ समस्या र चुनौती*

जटिल भौगोलिक अवस्थाका कारण स्वास्थ्य सेवामा सहज पहुँच हुन नसक्नु । मकैसिङ, ताङ्लीचोक, भुम्लीचोक, बालाकी आदिमा रहेका स्वास्थ्य संस्थाहरुमा तीन घण्टा हिँडेर स्वास्थ्य सेवा सलन आउन वाध्य छन् । स्वास्थ्य पूर्वाधारहरुको अभाव तथा कतिपय स्वास्थ्य पूर्वाधारहरु मापदण्ड अनुसारको हुन नसक्नु, गाउँ वस्तीबाट स्वास्थ्य केन्द्र सम्म पुग्ने बाटोमा जंगल हुनु र बाँदर लगायतका अन्य जंगली जनावरको त्राशका कारण जटिल अवस्था हुनु, लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु । स्वास्थ्य सेवा सर्वसुलभ हुन नसक्नु । जनचेतनाको कमीले अझै पनि धामी झाँक्री आदिमा विश्वास हुनु र कतिपय अवस्थामा बिरामीको ज्यान जोखिममा रहनु आदि समस्या तथा चुनौती रहेका छन् ।
त्यस्तै, कोलडाँडा, बुटार, ठूलो दर्बुङ, सिउरेनीटार, घ्याल्चोकतथा दर्बुङ फुजेलमा भवनको अभाव रहेको छ ।

### *५.१.३ लक्ष्य*

गाउँबासीको स्वस्थ्य र पोषणमा सुधार गर्दै गाउँविकासमा मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने ।

### *५.१.४ रणनीति*

- गाउँपालिका भित्रका सबै वडामा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन संस्थाहरुको सवलीकरण, विकास र विस्तार गर्ने ।
- आधारभूत स्वास्थ्य सेवामा सवैको पहुँच पुऱ्याउने ।
- गाउँबासीलाई पोषणयुक्त खानाको बारे सुसुचित गर्ने ।

### *५.१.५ कार्यनीति*

- स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी सबै नागरिकले गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सहज प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाका सबै वडाका जनतालाई आधारभूत स्वास्थ्य पहुँचको नीति अवलम्वन गरिनेछ ।
- मापदण्डको आधारमा सःशुल्क तथा निःशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको नीति अवलम्वन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको मनोबलमा बृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षाको सुनिश्चितता गरिनेछ । साथै मापदण्डका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- गर्भबती महिला तथा सुत्केरी महिलाहरुका लागि विशेष पोषण प्याकेज तथा दीर्घ रोगीहरुका लागि निःशुल्क औषधी एवं अत्यावश्यक तथा आवश्यकीय औषधी र स्वास्थ्य सामग्रीहरुका प्रबन्धको सुनिश्चितता गरिनेछ ।
- गाउँपालिकाको पहल, सहयोग तथा समन्वयमा हुने रक्तदान कार्यक्रकमा रगत संकलन तथा भण्डारणको व्यवस्था मिलाइनेछ ।
- पाँच वर्षमुनिका सम्पूर्ण बालबालिकाहरुको बृद्धि अनुगमन गरी कुपोषण विहिनतालाई सुनिश्चित गर्न पोषण सहुलियत तथा पोषण सम्वन्धी ज्ञानका कार्यक्रमहरु संचालन गरिनेछ ।
- प्रत्येक विद्यालयमा किशोरकिशोरीहरुको स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- सुगर, प्रेसर जस्ता दीर्घ रोगीहरुका लागि प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- विभिन्न सरुवा रोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्वन्धी जनचेतनामूलक कार्यक्रम तथा दिवस मनाइनेछ ।
- गाउँवासीका जटिल स्वास्थ्य समस्याको उपचारमा सस्तो सुलभ दरमा स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक नीति अवलम्वन गरिनेछ । अस्पतालको धुम्ती भ्यान वडास्तरीय सेवामा लगाउन पहल गरिनेछ ।
- स्वास्थ्य तथा पोषणबारे जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

### ५.१.६ *परिणात्मक स्थिति*

- स्वास्थ्य संस्थाहरुको विकास र विस्तार भएको हुनेछ ।
- निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।

- पोषणयुक्त खानाको बारे व्यापक रुपमा प्रचार प्रसार भएको हुनेछ।

### *५.१.७ अपेक्षित उपलब्धि*

दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ उन्मुख हुनेछ।

***तालिका २९: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा* |
|---|---|---|
| प्रत्येक स्वास्थ्य चौकीमा दरवन्दी अनुसारको आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ। | स्वास्थ्य चौकीमा आवश्यक र दरवन्दी अनुसारको स्वास्थ्य कर्मीको पदपूर्ती भएको हुनेछ। | गापा |
| खासगरी चेपाङबस्तीहरुको स्वास्थ्य तथा सरसफाई जनचेतना कार्यक्रम। | चेपाङबस्तीहरुको स्वास्थ्य तथा सरसफाई चेतना अभिवृद्धि भएको हुनेछ। | गापा |
| घरदेखि अस्पतालसम्म एम्बुलेन्स सेवा कार्यक्रम | बिरामी तथा घाइतेले समयमै उपचार पाई लाभान्वित हुने | गापा |
| ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम | घरदैलोमा नै स्वास्थ्य सेवा पाई ज्येष्ठ नागरिक लाभान्वित हुने | गापा |
| मानसिक स्वास्थ्य सचेतना कार्यक्रम | मानसिक स्वास्थ्य प्रतिको बुझाइमा स्पष्टता आई मानसिक स्वास्थ्यका बिरामी तथा गाउँपालिकाका अन्य नागरिक लाभान्वित हुने | गापा तथा विज्ञहरु |

## ५.२ शिक्षा, विज्ञान तथा प्रविधि

### ५.२.१ पृष्ठभूमि

जनगणना २०७८ का अनुसार गण्डकी गाउँपालिकाको साक्षरता दर ७२.१ प्रतिशत रहेको छ जसमा पुरुष साक्षरता दर ७९.३ प्रतिशत र महिला साक्षरता दर ६५.३ प्रतिशत रहेको छ। गाउँपालिकामा ५ देखि १४ वर्ष उमेर समूहका बालबालिका ३ हजार २९१ रहेका छन् जुन गाउँपालिकाको कुल जनसंख्याको १५.४ प्रतिशत हुन्छ। त्यस्तै, १५ देखि २४ वर्ष उमेर समूहका ३ हजार ९८२ जनसंख्या रहेको छ जुन कुल जनसंख्याको १८.६ हुन आउँछ। नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा तथा संस्कृति सम्बन्धी हकको जर्गेना गर्दै प्रविधि मैत्री, गुणस्तरीय, उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भरतातर्फ उन्मुख जनशक्ति उत्पादनमा जोड दिने यस गाउँपालिकाको धेय रहेको छ। दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्म सबैलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संघ, प्रदेश तथा स्थानीय तीनै तहका सरकारबाट आवश्यक पहल भैरहेको छ।

गाउँपालिकामा १ देखि १२ कक्षासम्म पढाई हुने विद्यालय ६ वटा, १ देखि १० सम्म पढाई हुने पाँचवटा, आठ सम्म पढाई हुने ६ वटा, कक्षा ५ सम्म पढाई हुने १३ वटा, कक्षा तीन सम्म पढाई हुने ७ वटा विद्यालय र ३ वटा बालविकास केन्द्र रहेका छन् ।

### *५.२.२ समस्या र चुनौती*

समय सापेक्षरुपमा गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको विकास हुन नसक्नु, गाउँपालिकाबाट बाहिर तिब्र बसाईसराई हुने गरेकाले ग्रामीण क्षेत्रमा विद्यार्थीको न्यूनता, आधुनिक सिकाई प्रविधिको पूर्ण प्रयोग हुन नसक्नु, सानो उमेरमा विवाह हुने तथा सानै उमेरमा वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढ्दो् रहेको, कतिपय वडाका विद्यालय भवनहरु जिर्ण र पहिरोको जोखिममा रहेका जस्ता समस्या तथा चुनौती रहेका छन् ।

### *५.२.३ लक्ष्य*

सबैका लागि गुणस्तरीय, प्राविधिक र व्यवसायिक शिक्षामा सहज पुहँचको प्रत्याभूति गर्ने ।

### *५.२.४ रणनीति*

१. शिक्षण संस्थाहरुको संस्थागत विकास गर्नु ।
२. सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
३. प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनु ।
४. सामुदायिक तथा संस्थागत विद्यालयहरुको निरन्तर अनुगमन गरी शिक्षाको गुणस्तरमा सुधार ल्याउनु ।
५. कक्षा क्रियाकलापलाई प्रभावकारी र सुदृढ पार्ने ।
६. विद्यालय अनुगमनको लागि जनशक्तिको व्यवस्था गर्ने ।

### *५.२.५ शिक्षा सम्बन्धी नीति*

- प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विद्यालय सुधार योजना सम्वन्धी तालिमको व्यवस्था गरी शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- यस गाउँपालिकामा रहेका विद्यालयलाई व्यवस्थित गर्दै एक शैक्षिक वर्षमा पाँचवटा विद्यालयलाई गाउँस्तरीय नमुना विद्यालय बनाउने कार्यलाई अगाडि बढाइनेछ ।

- प्रत्येक विद्यालयका प्र.अ.सँग व्यवस्थापन कार्य सम्पादन सम्झौता गर्ने र उत्कृष्ट गर्नेलाई प्रोत्साहन दिने नीति अवलम्वन गरिनेछ ।
- विद्यालयको मासिक प्रतिवेदन अनलाइनबाट पठाउने व्यवस्था मिलाइनेछ र सोको अनुगमन तथा मूल्याङ्गनको व्यवस्था मिलाइनेछ ।
- गाउँस्तरीया अतिरिक्त क्रियाकलापहरु (खेलकुद, हाजिरी जवाफ, वक्तत्वकला, नाच, गीत, सङ्गीत, वादविवाद आदि) संचालन गरी उत्कृष्ट छात्रछात्रा तथा विद्यालयलाई पुरस्कृत गर्ने नीति अगाडि बढाइनेछ ।
- प्रत्येक महिनामा कम्तीमा एकपटक गाउँपालिकाभित्रका विद्यालयका प्र.अ. को बैठक गाउँपालिकमा बस्ने र प्रत्येक विद्यालयको व्यवस्थापनको समिक्षा गरिनेछ ।
- बालकक्षाकोठा बालबालिकामैत्री तथा सुविधा सम्पन्न बनाईने तथा बाल शिक्षक शिक्षिकालाई कक्षा प्रभावकारी बनाउन तालिमको व्यावस्था नीति अगाडि बढाइनेछ ।
- गाउँ क्षेत्रभित्रका गरिब, विपन्न, दलित, सिमान्तकृत तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रबृति तथा पोशाक र शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- हरेक विद्यालयमा विद्यालयको वातावरण सौन्दर्यता कायम गर्न विद्यालयमा बगैँचा स्थापना र बिरुवा रोप्ने कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।
- प्राविधिक आधारको उच्च शिक्षा र स्नातक तहको पठनपाठन संचालन र विस्तार गर्न प्रदेश तथा संघ सरकारसँग पैरवी गरिनेछ ।
- विद्यालयमा बाल क्लब, बाल सहभागिता अभिबृद्धिको प्रयासलाई संस्थागत गरिनेछ ।
- माध्यमिक विद्यायलहरुमा स्काउटको युनिट स्थापन गरिनेछ ।
- उत्कृष्ट विद्यालय, विद्यार्थी तथा शिक्षकहरुकलाई शैक्षिक उपलब्धिका आधारमा प्रत्येक वर्ष सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- बिद्यार्थीहरुमा उच्च नैतिक चरित्र विकास गर्न नैतिक शिक्षा अनिवार्य गरी सोही बमोजिमको पाठ्यक्रम विकास गरी लागू गरिने छ ।
- विद्यालयमा अध्ययनरत छात्राहरुका लागि स्यानिटरी प्याड वितरणा व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गाउँभित्रको आधारभूत विद्यालयदेखि नै कम्प्यूटयर तथा अंग्रेजी माध्यमको शिक्षा अनिवार्य गरिनेछ नीति लिइनेछ ।

- आवश्यकताको आधारमा विद्यालयहरुलाई एक आपसमा गाभने नीति अवलम्वन गरिनेछ ।

### *५.२.६ परिणात्मक स्थिति*

प्रत्येक शैक्षिक सत्रमा औसत सिकाई बृद्धि हुनेछ, शिक्षकको शिक्षण क्षमता विकास भएको हुनेछ, विद्यालयहरुको भौतिक सुविधा विस्तार हुनेछ, कक्षा दोहोऱ्याउने दर (१-५) मा शुन्य हुनेछ, खुद भर्ना दर (१-५) मा १०० प्रतिशत पुऱ्याइनेछ। स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुकुल पाठ्य सामाग्री निर्माण गरिनेछ। विद्यार्थीहरुको सिकाई उपलब्धि बृद्धि गरिनेछ ।

### *५.२.७ अपेक्षित उपलब्धि*

दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ उन्मुख हुनेछ ।

***तालिका ३०: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| सबै विद्यालयहरुमा डिजिटल शिक्षा सञ्चालन तथा प्रवर्द्धन कार्यक्रम | गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा कम्प्युटर शिक्षा सुरु भएको हुनेछ | गापा, शिक्षा शाखा |
| सबै विद्यालयहरुमा पुस्तकालय स्थापना गर्ने | गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा पुस्तकालय स्थापना भएको हुनेछ | गापा, शिक्षा शाखा |
| प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि विद्यालयहरु रुपान्तरण कार्यक्रम | प्राविधिक तथा व्यवसायिक शिक्षामार्फत बेरोजगारी समस्या कम भएको हुनेछ । | गापा, शिक्षा शाखा |
| गाउँपालिका भित्रका सबै वडामा निरक्षर मानिसहरुका लागि प्रौढ शिक्षा सञ्चालन गर्ने | प्रौढ शिक्षा सञ्चालन भई निरक्षर प्रौढले आधारभूत अक्षर तथा अंक ज्ञान प्राप्त गरेका हुनेछन् । | गापा, शिक्षा शाखा |

## ५.३ युवा, खेलकुद तथा नवप्रवर्तन

### ५.३.१ पृष्ठभूमि

युवा जनशक्ति गाउँ विकासको लागि महत्वपूर्ण उमेर समूहको जनशक्ति हो। गण्डकी गाउँपालिकको कुल जनसंख्यामध्ये ४० प्रतिशत युवा जनसंख्या रहेको छ। युवा जनशक्तिलाई उद्यमशील कार्यमा आकर्षित गर्न सकेको खण्डमा आर्थिक क्रियाकलाप बढ्न गई गाउँपालिकाले चाहेको विकास गर्न सक्दछ भन्ने उदेश्यका साथ युवाहरुलाई गाउँ विकासको मुल प्रवाहमा ल्याइने छ। खेलकुद तथा नवप्रवर्तनका क्षेत्रमा युवा लक्षित कार्यक्रमहरु ल्याउदै युवाहरुलाई आकर्षित गर्नुपर्ने आवश्यकता छ।

यस गाउँपालिकाले युवा स्वरोजगारी तथा खेलकुद विकासको नीतिलाई आत्मसात गरेको छ भने युवा स्वरोजगार कार्यक्रमका अतिरिक्त आत्मनिर्भरताका अवसरहरु सृजना हुने गतिविधि सञ्चालन गरेको छ। गाउँपालिकाभित्र सकृय युवा क्लव संख्या ७ रहेका छ भने क्लवहरूले मुख्य रुपमा खेलकुद तथा सामाजिक कार्यमा योगदान पुर्याएको देखिन्छ । एक वडा एक खेल मैदान लिएको यस क्षेत्रमा राष्ट्रिय तथा जिल्लास्तरका गरी २ जना खेलाडीहरू पनि रहेको देखिन्छ।

### *५.३.२ समस्या र चुनौती*

युवा लक्षित विकासका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, स्तरीय खेल मैदानको अभाव। खेलकुदमा संलग्न युवा युवतीको भविश्यको सुनिश्चितता गर्नु । खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु।

### *५.३.३ लक्ष्य*

सीप विकास, स्वरोजगारी र खेलकुदको माध्यमबाट युवाहरुलाई सक्षम तथा योग्य नागरिक बनाउने।

### *५.३.४ रणनीति*

१. युवाहरुलाई उद्यमशील, स्वरोजगार र स्वाबलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु।

### *५.३.५ कार्यनीति*

- गाउँपालिका कप खेलकुद प्रतियोगितालाई संचालन गरिनेछ।
- यस गाउँपालिकामा खेलकुद क्षेत्रलाई प्रवर्द्धन गर्न खेलकुद मैदानको स्तर उन्नति तथा मर्मत कार्य गरिनेछ।

- युवामा स्वयंसेवी भावना बढाउन, सामाजिक जिम्मेवारी वोध गराउन, युवा क्लव गठन गरी स्वयंमसेवा कार्यक्रम संचालन गरिनेछ ।
- शैक्षिक बेरोजगारिको समस्या समाधानको निम्ति सरकारी सेवामा प्रवेश गर्नको लागि लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षाहरु संचालन गरिनेछ ।
- गाउँ युवा खेल प्रतिष्ठान गठन गरी युवा मैत्री कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
- युवा लागू औषध दुर्व्यसन नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- आवश्यक स्थानमा जग्गा उपल्बधताको आधारमा खेल मैदान निमार्ण र गाउँभित्र एक बहुउद्देश्यीय रंगशाला निमार्ण गरिने छ ।
- गाउँभित्रको बाझो जग्गामा युवालाई उद्यमशिल कार्यमा प्रयोग गरी स्वारोजगार बनाइनेछ ।

*५.३.६ परिणात्मक स्थिति र अपेक्षित उपलब्धि*

उद्यमि युवाहरुको विकास हुनेछ । खेलकुदका पुर्वाधार निमाण गरिनेछ । नवप्रर्वतनमा युवाहरु उत्प्रेरित हुनेछ । तथा युवाहरु नगर विकासको मुल प्रवाहिकरणमा समावेश हुने छन् ।

*तालिका ३१: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा* |
|---|---|---|
| युवा रोजगार तथा आयआर्जन कार्यक्रम | युवाहरु रोजगार भइ लाभान्वित हुने | गापा |
| सबै वडाहरुमा नमूना खेलमैदान निर्माण | खेलकुद क्षेत्रमा विकास हुने | गापा |
| गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन | खेलकुदको विकासमा सहयोग पुग्ने | गापा |

## ५.४ लैङ्गिक तथा सामाजिक समावेशिता

### ५.४.१ पृष्ठभूमि

सामुदायिक तथा राजनीतिक क्षेत्रमा महिला तथा बालवालिकाको सहभागिता र प्रतिनिधित्व पुरुषको दाँजोमा न्यून रहेको पाइन्छ । सामाजिक सशक्तिकरणको अभाव, साँस्कृतिक, धार्मिक, पारिवारिक वञ्चितिकरणको प्रभावले महिला,बालबालिका तथा जेष्ठनागरिकहरु पिछडिएको अवस्थामा जीवनयापन गरिरहेको अवस्था छ । त्यस्तै, जातजातीको आधारमा हेर्दा गण्डकी गाउँपालिकामा कुल जनसंख्याको झण्डै १७ प्रतिशत चेपाङ/प्रजा, बराम, माझी तथा कुमाल झण्डै ३ प्रतिशत तथा १५ प्रतिशत दलित जनसंख्या रहेको छ। विभिन्न सामाजिक तथा राजनीतिक आन्दोलन तथा संवैधानिक र कानूनी व्यवस्थाका

वावजुद गाउँपालिकाकाका समाजमा जातीय तथा लैङ्गिक विभेद विद्यमान छ । यस पृष्ठभूमिमा गण्डकी गाउँपालिकाको सोच 'समतामूलक समाज गण्डकीको सार' अनुसार समतामूलक समाज निर्माणको लागि कार्य गर्नुपर्ने आवश्यकता रहेको छ ।

### *५.४.२ समस्या र चुनौती*

गाउँपालिकामा लैससास समिति संस्थागत हुन नसक्नु, लैंगिक, हिंसा, बाल हिंसा तथा दलितमाथीको भेदभाव तथा हिंसामा उल्लेख्य कमी आउन नसक्नु, लक्षित वर्ग पहुंचविहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु । महिला वालबालिका तथा जेष्ठनागरिकहरुको समस्या सम्बोधन गर्ने सोंच भएता पनि नीति बनाउन सकिएको छैन । वालवालिका मैत्री वातावरण निर्माण गर्न नसक्नु । आर्थिक विपन्नता भएको घर परिवारका वालवालिकालाई पोषणयुक्त खाना, वाल शिक्षा दिनु चुनौतीपूर्ण रहेको छ ।

### *५.४.३ लक्ष्य*

महिला तथा दलित, चेपाङ लगायत अन्य लक्षित वर्ग विरुद्ध हुने विभेदको अन्त्य गरी लक्षित वर्गको मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने । बालवालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्ने । ज्येष्ठ नागरीकलाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने । विभेदरहित समतामूलक समाज निर्माण गर्ने ।

### *५.४.४ रणनीति*

महिलाहरुलाइ आय आर्जनको क्षेत्रमा संलग्न गराउने । दलित विरुद्ध हुने विभेदको अन्त्य गर्ने । महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन महिलाहरुलाई गोलबद्ध गर्ने । घुम्ती स्वास्थ्य सेवाहरु उपलब्ध गराउने। शिशु स्याहार केन्द्र स्थापना गर्ने । बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गर्ने ।

### *५.४.५ कार्यनीति*

- नीति निर्माण र कार्यान्वयनमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिनेछ ।
- दलित तथा चेपाङ जनसंख्याको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गरी दलित सशक्तीकरण कार्यक्रम लागु गर्ने ।
- बालबालिका विरुद्ध हुने, श्रमशोषण, बालहिंसा, यौन दुर्व्यबहार, बेचबिखन विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालबिबाह न्यूनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

- ज्येष्ठ नागरिकको हेरचाह र स्याहारसुारको लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ ।
- पूर्वाधार तथा भौतिक संरचनाहरु अपांगमैत्री निर्माण गरिनेछ ।
- गाउँपालिकामा उपलब्ध रोजगारीका अवसरमा दलित तथा सीमान्तकृत युवाहरुलाई प्राथमिकता दिइनेछ ।

### *५.४.६ परिणात्मक स्थिति र अपेक्षित उपलब्धी*

महिला साक्षरता दर बृद्धि गर्ने, गाउँपालिकामा वाल अधिकार सुनिश्चित गर्ने तथा जेष्ठ नागरिकहरुमा आधारभुत स्वास्थ्य पुगेको हुनेछ । आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक सशक्तिकरण भएको हुनेछ । विभेदरहित तथा समतामुलक समाजको निर्माणतर्फ अग्रसर हुनेछ ।

***तालिका ३२: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा* |
|---|---|---|
| एक वडा एक महिला संजाल गठन | सार्वजनिक क्षेत्रमा महिला सहभागिता बढेको हुने | गापा |
| चेपाङ समुदायमा बालबिबाह विरुद्ध सचेतना कार्यक्रम | चेपाङ समुदायमा बालबिबाहमा कमी आउने | गापा |
| समतामूलक समाजको लागि दलित तथा चेपाङ समुदाय सशक्तीकरण तथा सामाजिक चेतनामूलक कार्यक्रम । | सामाजिक चेतनामा अभिवृद्धि भई जातका आधारमा गरिने विभेद घटेको हुने । दलित तथा चेपाङ समुदायमा आर्थिक तथा सामाजिक सशक्तीकरण बढेको हुने । | गापा |
| बालमैत्री कोषको स्थापना | बाल सहयोग तथा उद्दारमा सहयोग पुग्ने | गापा |
| ज्येष्ठ नागरिक संजाल स्थापना | ज्येष्ठ नागरिक संजाल बनी उनीहरुको अधिकारको पैरबीको लागि आधार बन्ने | गापा |
| सार्वजनिक पूर्वाधार अपांगमैत्री अनिवार्य हुनुपर्ने नीति बनाउने | सार्वजनिक संरचना अपांगमैत्री हुने | गापा |

## ५.५ खानेपानी तथा सरसफाई

### ५.५.१ पृष्ठभूमि

स्वस्थ्य जीवनका लागि स्वछ खानेपानी तथा सरसफाई अनिवार्य हुन्छ । सरसफाई तथा वातावरणीय स्वास्थ्यसँग सम्बन्धित पक्षहरुमा जमीन, हावा तथा पानी पर्दछन् । यी पक्षहरुको स्वस्थताका लागि शौचालय निर्माण, रुख विरुवा संरक्षण, धुँवा धुलो ध्वनि मुक्त वातावरणको आवश्यकता पर्दछ । स्वच्छ खानेपानी तथा सरसफाईका क्षेत्रमा गाउँपालिकाले उल्लेख्य काम गर्नुपर्ने आवश्यकता छ ।

गण्डकी गाउँपालिकाका ५६५९ घरधुरी मध्ये २०६९ घरधुरीले घर कम्पाउण्ड भित्र नै रहेको धाराको पानी प्रयोग गर्छन भने २४८३ घरधुरीले सार्वजनिक धाराको पानी प्रयोग गर्ने गर्छन् भने ९७६ घरधुरीले संकलित पानी नै पिउने पानीको रुपमा प्रयोग गर्छन् ।

### *५.५.२ समस्या र चुनौती*

गाउँपालिकाका सबै घरधुरीमा स्वच्छ खानेपानी उपलब्ध नहुनु । खानेपानीका मुलहरु बस्तीभन्दा धेरै टाढा हुँदा खानेपानी आयोजना खर्चिलो हुनु, सार्वजनिक स्थलमा शुद्ध पिउने पानी तथा शौचालयको व्यवस्था नहुनु । सरसफाईका क्षेत्रमा गाउँपालिकाले उल्लेख्य काम गर्न नसक्नु । बजार क्षेत्रमा प्लाष्टिक तथा शिसाजन्य फोहरको सही व्यवस्थापन हुन नसक्नु जस्ता समस्या रहेका छन् ।

### *५.५.३ लक्ष्य*

सर्वसुलभ गुणस्तरीय खानेपानी तथा सरसफाइको लागि परिवर्तित आनीबानीसहितको समाज सफाईयुक्त वस्ती निर्माण गर्ने ।

### *५.५.४ रणनीति*

- आधारभूत खानेपानीको पहुँच विस्तार तथा गुणस्तरीय खानेपानीको पहुँच बढाउने ।
- उपयुक्त प्रविधिसहित फोहोरमैला व्यवस्थापन गर्ने ।

### *५.५.५ कार्यनीति*

- खानेपानीका स्रोतहरु खोजी तथा संरक्षण गरिनेछ ।
- एक घर एक धारा कार्यक्रम निरन्तर लागु गरिनेछ ।
- पानी शुद्धीकरणको लागि आवश्यक संरचना तयार गरिनेछ ।

- सरसफाइ सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### *५.५.६ परिणात्मक स्थिति र अपेक्षित उपलब्धि*

गाउँबासीलाई स्वच्छ खानेपानी उपलब्ध हुनेछ । तीन वर्ष भित्रमा शौचालय नभएका सम्पुर्ण घरपविारहरुमा शौचालय निर्माण कार्यक्रम सम्पन्न गरिनेछ । स्वच्छ खानेपानी, सफाईयुक्त सहर, पूराहुनेछ गाउँबासीको सपनाको सहर ।

***तालिका ३३: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा* |
|---|---|---|
| एक घर एक धारा कार्यक्रम | स्वच्छ खानेपानीमा सहज पुहँच पुग्ने | गापा |
| खानेपानीका स्रोतहरुको संरक्षण | खानेपानीका स्रोतहरुको संरक्षण हुने | गापा |
| सरसफाई सचेतना कार्यक्रम | सरसफाइ सचेतना बढेको हुने | गापा |

**परिच्छेद ६**

# पूर्वाधार क्षेत्र

गण्डकी गाउँपालिकाको आवधिक योजनाले तय गरेको पूर्वाधार क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ। पूर्वाधार क्षेत्र अन्तर्गत सडक तथा यातायात व्यवस्था, आवास तथा सहरी विकास, जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा, खानेपानी आदि उपक्षेत्रहरु राखिएको छ।

***तालिका ३४: पूर्वाधार क्षेत्रको लागि आगामी तीन वर्षको बजेट प्रक्षेपण (रकम रु. हजारमा)***

| क्षेत्रहरु | २०८२/८३ को अनुमानित | मध्यमकालीन लक्ष्य प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| आवास तथा वस्ती विकास | १८५७० | १९४९९ | २०४७३ | २१४९७ | ६१४६९ |
| सडक, पुल तथा यातायात | १४००२० | १४५६२१ | १५१४४६ | १५७५०३ | ४५४५७० |
| सम्पदा पूर्वाधार | ३३७५ | ३७१३ | ४०८४ | ४४९२ | १२२८८ |
| सूचना तथा सञ्चार | २०० | २०५ | २१० | २१५ | ६३१ |
| उर्जा | ५५० | ५६४ | ५७८ | ५९२ | १७३४ |
| कुल | १६२७१५ | १६९६०१ | १७६७९१ | १८४३०० | ५३०६९२ |

आगामी तीन वर्षको लागि पूर्वाधार क्षेत्रको लागि कुल रु. ५३ करोड ६ लाख बजेट प्रक्षेपण गरिएको छ। पूर्वाधार उपक्षेत्रहरुमध्ये सडक पुल तथा यातायातको लागि सबैभन्दा बढी रु. ४५ करोड ४५ लाख बजेट अनुमान गरिएको छ।

## ६.१ सडक तथा यातायात व्यवस्था

### ६.१.१ पृष्ठभूमि

गण्डकी गाउँपालिका राजधानी प्रवेश गर्ने पृथ्वी लोकमार्गसँग सडक संजालले जोडिएको यस क्षेत्रका सबै वडामा सडक पहुँच विस्तार भएको छ। कुल २६२ किमि सडक निर्माण भएको यस गाउँपालिका क्षेत्रमा करिव ७० वटा ग्राभेल सडक र बाँकी सबै कच्ची सडक रहेका छन्। गाउँपालिका क्षेत्रभित्र कुल १७ वटा झोलुङ्गे पुलहरू रहेका छन् जसमध्ये एउटा पक्की र १६ वटा झोलुङ्गे पुल रहेका छन्। बेनीघाट स्थित त्रिशुली नदीको सडक पुलले गाउँपालिकालाई पृथ्वी राजमार्गसँग जोडेको छ र दुई स्थानमा त्रिशुली नदीमा सडक पुल रहेका छन्। गाउँपालिका क्षेत्रमा कुल ४६ किमि लम्बाईका १६ वटा पैदलमार्ग रहेका छन्।

यातायात सुविधाका दृष्टिले लोकमार्गसँगको आवद्धता र निकटताले अन्य क्षेत्रसम्मको यातायातलाई सहज तुल्याएको छ ।

*६.१.२ **सम्भावना तथा अवसर***

गाउँपालिकाका सम्पूर्ण वडा तथा वस्तीहरुमा यातायात सञ्जाल पुग्नु, गाउँपालिकाबाट स्थानीय गन्तब्य तथा प्रदेश राजधानी र संघीय राजधानीसम्म नियमित यातायात सञ्चालन हुनुलाई अवसरको रुपमा लिन सकिन्छ । यसले व्यक्तिहरुको आवातजावत तथा सामान ढुवानीलाई सहज बनाएको छ । आन्तरिक सडक सञ्जालको विकास भएकाले गाउँपालिकाका उत्पादनहरु बजारसम्म पुऱ्याउन, पर्यटक आवतजावत, शिक्षामा पहुँच बढाउन, स्वास्थ्यकेन्द्रसम्म्को पहुँच जस्ता काममा सहजता बढेको छ । यी विषयहरु सडक सञ्जालले दिएका अवसरहरु हुन् ।

## ६.१.३ समस्या र चुनौती

गाउँपालिकाभित्रका विभिन्न सडकहरु आवश्यक अध्ययनविना बनेकाले सडकहरु सहज छैनन् भने स्तरोन्नती कार्य पनि जटिल र खर्चिलो हुने देखिएको छ । मापदण्ड विना योजना पहिचान र दक्ष जनशक्ति विना काम भएकाले पनि यो समस्या देखिएको हो । पक्की सडकको सुविधा नभएकाले वर्षाको समयमा यातायात सञ्चालनमा समस्या देखिएको छ ।

### ६.१.४ लक्ष्य

दिगो, सुरक्षित र व्यवस्थित ग्रामीण सडकमार्फत गाउँपालिकाका जनताको जीवनयापनलाई सहज बनाउने तथा गाउँपालिकाका सबै स्थानमा दिगो सडक बाटो निर्माण गर्ने र नियमित तथा सर्वसुलभ यातायात सेवा सञ्चालन गर्ने ।

## ६.२.५ रणनीति

- आर्थिक क्रियाकलापलाई बढावा दिने स्थानमा सडक बाटो निर्माण सर्वयामी बनाई शिक्षा, स्वास्थ्य लगायतका सेवालाई प्रभावकारी बनाउने ।
- सडक मापदण्डका आधारमा सडक निर्माण गर्ने तथा सबै वडाहरुबीच अन्तर यातायात सञ्जाल विकास गर्ने ।

### ६.१.६ कार्यनीति

- सम्पूर्ण गाउँवासीहरुलाई सहज र सुलभ यातायात सेवा पुऱ्याउने नीति लिइनेछ ।
- गाउँपालिकाभित्रका सबै स्थानीय सडकहरुलाई पक्की सडकको रुपमा विकास गरिनेछ ।

- हिक्लुङमा निर्माणाधीन तरकारी ढुवानी रोपवेको निर्माण सम्पन्न गरिनेछ ।
- हाल नेपाल सरकारले सुरु गरेको सडक बिस्तार कार्यक्रमलाई तिव्रता दिइनेछ ।
- यस गाउँपालिकाभित्रका सबै सडकको दुवैतिर सडक नाली र पेटी निर्माण गर्ने कार्यलाई अभियानको रुपमा सुरुवात गरिनेछ ।
- पुल, सडक निर्माणमा गुणस्तरीयता कायम गर्न नियमित अनुगमन र मुल्यांकन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- यातायात सेवालाई सुरक्षित र भरपर्दो बनाउन अनुगमन कार्यलाई नियमित बनाइनेछ ।
- नयाँ सडक निर्माण कार्य गर्दा "विकास सँग-सँगै निकास" को नीतिलाई अवलम्बन गर्दै सडक नाला निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

### ६.१.७ परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

- निश्चित मापदण्डका आधारमा सडक निर्माण भएको हुने । सवै वडाहरुमा सर्वयाम यातायात संजाल पुगेको हुने ।
- दिगो र भरपर्दो सडक तथा यातायात पूर्वाधार, गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासको आधार हुनेछ ।

***तालिका ३५: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा/निकाय* |
|---|---|---|
| सडक नाला निर्माण कार्यक्रम | सडक नाला निर्माण भई वर्षायाममा पनि सहजरुपमा यातायातका साधनहरु चल्ने अवस्थाको सिर्जना हुनेछ । | गापा |
| सडक कालोपत्र कार्यक्रम | सबै वडा तथा बस्तीहरुसम्म पुग्ने सडकहरु कालो पत्रे गरिएको हुनेछ । | गापा |
| कृषि सडक निर्माण | कृषि उपजलाई कृषकको घरसम्म तथा बजारसम्म सहजरुपमा पुऱ्याउन कृषि सडको निर्माण भएको हुनेछ । | गापा |
| पर्यटकीय गन्तव्य सडक निर्माण | गाउँपालिका भित्र रहेका विभिन्न पर्यटकीय स्थलसम्म पुग्ने सडक निर्माण भएको हुनेछ । | गापा |

## ६.२ बस्ती तथा वस्ती विकास

### ६.२.१ पृष्ठभूमि

व्यवस्थित तथा सुरक्षित आवास, बस्ती तथा शहर विकास गर्नु गाउँपालिकाको महत्वपूर्ण काम हो । यसमा वातावरण, विपद व्यवस्थापन, सहरी सौन्दर्य जस्ता विषयलाई ध्यान दिनु आवश्यक हुन्छ । त्यस्तै, भवन तथा वस्तीहरु सुरक्षित हुनु आवश्यक छ ।

### ६.२.२ सम्भावना र अवसर

ग्रामीण वस्तीहरुमा खानेपानी, सडक, बत्ति लगायतका आवश्यक पूर्वाधारहरु उपलब्ध हुनु, वडा कार्यालयहरु निर्माण सम्पन्न हुने अवस्थामा रहनु, स्वास्थ्य चौकीहरु तथा विद्यालयहरु आफ्नै भवनमा सञ्चालन हुनु, गाउँपालिकाका केही स्थानहरुमा एकीकृत वस्ती निर्माण गर्ने सम्भावना रहनु, सहरीकरण बढ्दै जानु, निर्माण कार्यको लागि स्थानीय कच्चा पदार्थहरुको उपयोगको सम्भावना रहनु आदि यस क्षेत्रका अवसरहरु हुन् ।

### ६.२.३ समस्या र चुनौती

गाउँ कार्यपालिकाको कार्यलय निर्माणले गती लिन नसक्नु, भिरालो जमिन र खोला किनारमा वस्तीहरु रहनु, बस्तीहरु नदी कटान र पहिरोको जोखिममा रहेका, सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरु अपर्याप्त हुनु, वस्तीहरु व्यवस्थित नहुनु, घरहरु छरिएर रहेका हुँदा पूर्वाधार सेवा खर्चिलो हुनु, एकीकृत वस्तीको अवधारणा कार्यान्वय हुन नसक्नु, सरकारी निकाय बीच पूर्वाधार निर्माणमा समन्वय हुन नसक्नु आदि समस्या रहेका छन् भने सार्वजनिक संरचना निर्माणमा आवश्यक समन्वय कायम गरी राजनीतिक सहमती जुटाउनु चुनौतीपूर्ण रहेको छ ।

### ६.२.४ लक्ष्य

दिगो, सुरक्षित, सुलभ र वातावरणमैत्री एकीकृत आवास तथा वस्ती विकास गर्ने ।

### ६.२.५ रणनीति

- एकीकृत आवास तथा वस्ती विकास गरी एकद्वार प्रणालीबाट प्रभावकारी सेवा प्रवाह गर्ने ।
- स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी सुरक्षित र किफायती भवन निर्माण गर्ने ।
- निजी घर, सार्वजनिक संस्था तथा अन्य भवन निर्माण मापदण्ड अनुसार बनाउन कडाई गर्नु ।
- प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्र विकास गर्ने ।

### ६.२.६ कार्यनीति

- सहरी योजना तथा भवन निर्माण मापदण्डको पूर्ण पालनामा जोड दिइनेछ ।
- घर निर्माणको अनुमति प्रक्रियमा उपयुक्त मापदण्डको शौचालय र सेप्टी ट्याङ्की निर्माणलाई अनिवार्य गरिनेछ ।
- गाउँपालिकाको व्यवस्थित विकासको लागि आर्थिक, सामाजिक, शैक्षिक, भौतिक, ऐतिहासिक पर्यटकीय लगायतका क्षेत्रहरुलाई समेट्ने गरी सडक निर्माण गरिनेछ ।
- हरियाली प्रर्वद्धन गरी गण्डकी गाउँपालिकालाई हरित गाउँको रुपमा विकास गरिनेछ ।
- विकासको करिडोरको अवधारणा अवलम्बन गरिनेछ । जसमा बाटोघाटो, ढल, खानेपानी, बिजुलीको निर्माण गर्दा समन्वयात्मक तवरमा निर्माण गरिनेछ ।
- राष्ट्रिय भवन संहिता मापदण्ड बमोजिम भवन निमार्ण गर्ने गराउने र अभिलेखिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाको फोहरको उचित प्रबन्ध गरी पूर्ण सफा  गाउँ घोषणा गर्नेतर्फ अभियान अगाडि बढाइनेछ ।
- गाउँ क्षेत्रभित्रका प्रमुख व्यापारी केन्द्रहरुमा आधारभूत शहरी पूर्वाधारको विकास गरिने छ । उक्त केन्द्रहरुमा ढल व्यवस्थापन तथा आधुनिक सार्वजानिक शौचालयहरु समेत निर्माण गरी संचालनमा ल्याईनेछ ।
- गाउँ क्षेत्रभित्रका अव्यवस्थित विद्युत तारहरुलाई व्यवस्थित गरनेछ ।

### ६.२.७ परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

सुरक्षित र व्यवस्थित आवाससहितको गाउँको विकास भएको हुनेछ । प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरी आवाश क्षेत्रको विकास गरिनेछ । उत्थानशिल शहरको निर्माणतर्फ अग्रसर हुनेछ ।

*तालिका ३६: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा/निकाय* |
|---|---|---|

| | | |
|---|---|---|
| घाट संरक्षण तथा निर्माण कार्यक्रम | प्रचलनमा रहेका घाटहरुलाई व्यवस्थित घाटको रुपमा स्थापना गरिएको हुने । | गापा |

## ६.३ विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी गाउँपालिकाका गण्डकी गाउँपालिकाका कुल ५६५९ घरधुरी मध्ये ५५४२ घरधुरीले बिजुली बत्तिको प्रयोग गर्छन भने ८४ घरधुरीले सौर्यबत्ति, १३ घरधुरीले मट्टितेल र बाँकी २० घरधुरीले बायोग्याँस र अन्य स्रोत प्रयोग गर्छन् ।

गण्डकी गाउँपालिकाका कुल ५६५९ घरधुरी मध्ये  झण्डै ७० प्रतिशत घरधुरी (३९५४ घरधुरी) ले खाना पकाउनको लागि दाउराको उपयोग गर्छन् । त्यस्तै पेट्रोलियम ग्याँसको उपयोग गर्ने घरधुरी २८.४ प्रतिशत रहेको छ भने बाँकी घरधुरीले विद्युत, मट्टितेल तथा बायोग्याँसको प्रयोग गर्छन् ।

### ६.३.२ सम्भावना तथा अवसर

यस क्षेत्रमा त्रिशुली तथा बुढी गण्डकी लगायतका दर्जनौं बार्है महिना बहने नदी तथा खोलानाला रहेका छन् जुन विद्युत उत्पादनमा महत्वपूर्ण रुपमा रहेका छन् । यस गाउँपालिकामा पर्ने जलाशययुक्त बुढी गण्डकी (१२०० मेगावाट) र सुपर त्रिशुली (१०० मेगावाट) जल विद्युत आयोजना निर्माण हुने क्रममा छन् । यिनीहरुको निर्माण तथा सञ्चालनबाट यस गाउँपालिको मुहार नै फेरिने सम्भावना रहेको छ ।

### ६.३.३ समस्या र चुनौती

छरिएर रहेका वस्तीका कारण विद्युतीकरण खर्चिलो भएको छ भने विशिष्ट उपयोगका लागि गाउँपालिकाको सबै क्षेत्रमा तीन फेजको विद्युत उपलब्ध छैन् । वैकल्पिक उर्जाको प्रयोग बढाउन सकिरहेको छैन । आर्थिक विकासका लागि जलस्रोतको वहुउपयोगलाई प्रवर्द्धन गर्नु आबस्यक छ ।

### ६.३.४ लक्ष्य

वैकल्पिक उर्जा प्रवर्द्धन तथा दिगो, भरपर्दो, गुणस्तरीय, उर्जामा गाउँपालिकावासीको पहुँच पुऱ्याउने ।

### ६.३.५ रणनीति

- सबै उपभोक्तामा गुणस्तरिय विद्युत सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउने ।

- वैकल्पिक उर्जाको प्रयोग बढाउने ।

#### ६.३.६ *कार्यनीति*

- जलाशययुक्त बुढी गण्डकी आयोजना अगाडि बढाउन समन्वयात्मक पैरवी गरिनेछ ।
- गाउँपालिकामा उर्जाको स्रोत पहिचान तथा उर्जाको माग र आपूर्ती सम्वन्धमा अध्ययन गरिनेछ ।
- वैकल्पिक उर्जा उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

#### ६.३.७ *परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि*

जलस्रोतको पुर्ण उपयोग गरिने छ । दिगो विद्युतिकरण १०० प्रतिशत पुऱ्याईने छ । जलस्रोतको उपयोग हुनेछ, पुर्ण विद्युतिकरण भएको हुनेछ ।

*तालिका ३७: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण*

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा/निकाय* |
|---|---|---|
| एक घर एक सोलार कार्यक्रम विस्तार | वैकल्पिक उर्जा प्रयोगमा वृद्धि हुने | गापा |
| जैविक उर्जा उत्पादन प्रवर्द्धन कार्यक्रम | वैकल्पिक उर्जा प्रयोगमा वृद्धि हुने | गापा |

## ६.४ सूचना तथा सञ्चार

### ६.४.१ पृष्ठभूमि

सुचना तथा संचारका साधनहरु टेलिफोन, हुलाक, रेडियो, टेलिभिजन, पत्रपत्रिका, इमेल, इन्टरनेट आदि सञ्चार प्रणाली अन्तर्गत पर्दछन् । यी माध्यमहरुको सहायताले छिटो र भरपर्दो रुपमा सूचनाहरुको आदानप्रदान गरी कार्यादेशलाई कार्यान्वयन गर्न, नवीनतम ज्ञान, सीप प्राप्त गर्न सकिन्छ । तसर्थ यसले सूचनाको माध्यमबाट सामाजिक तथा आर्थिक विकासका विकासका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस गाउँलाई सूचना प्रविधिमैत्री बनाउने बनाउने कार्य भईराखेको भएता पनि प्रर्याप्त हुन सकेको छैन ।

### ६.४.२ समस्या र चुनौती

सूचना प्रविधिको कार्यको क्षेत्रमा बजेटको कमी, केन्द्र, प्रदेश र स्थानीय तहबीच सूचना आदान प्रदानमा एकद्वारा प्रणाली नहुनु । सूचना प्रविधिको क्षेत्रमा बजेटको कमी हुंदा भनेजति काम गर्न नसक्नु ।

### ६.४.३ *लक्ष्य*

गाउँपालिका भित्र सूचना प्रविधिको विकास र विस्तार गर्ने । सूचना सञ्जालको विकास गर्नु । प्रविधि युक्त गाउँपालिका निर्माण गर्नु ।

### ६.४.४ *रणनीति*

सूचना तथा प्रविधिको विकासलाई गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम उपयोग गर्ने ।

### ६.४.५ *कार्यनीति*

- गाउँपालिकाका गतिविधिहरु वेवसाइटमा प्रकाशन गरिनेछ ।
- सूचनाहरुको सम्प्रेषण अनलाइन मार्फत गरिनेछ ।
- गाउँपालिकाबाट हुने काम कारवाही सूचना प्रविधिको प्रयोग बढाइनेछ ।
- राजस्व, योजना, अर्थ सफ्टवेयर मार्फत गर्ने आधार तयार गरिनेछ ।
- गलत सूचनाबाट बच्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

### ६.५.६ *परिणात्मक स्थिति र अपेक्षित उपलब्धि*

गाउँपालिका क्षेत्रमा इन्टरनेटको पहुच १०० प्रतिशत पुऱ्याउने । स्मार्ट शहरका क्षेत्रहरुमा उल्लेख्य सुधार गर्ने । स्मार्ट गभर्नेन्स लागुगर्ने । सूचना प्रविधियुक्त स्मार्ट शहरको निमार्णतर्फ अग्रसर हुनेछ ।

***तालिका ३८: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा/निकाय |
|---|---|---|
| अप्टिकल फाइबर नेट विस्तार | इन्टरनेट भरपर्दो हुनेछ | गापा |
| सबै वडाहरुमा डिजिटल नागरिक बडापत्र सुरु | सार्वजनिक सेवा प्रभावकारी हुने | गापा |
| सबै कार्यालयहरुमा इ-हाजिरी सुरु गर्ने | सार्वजनिक सेवा प्रभावकारी हुने | गापा |

**परिच्छेद ७**

# वन, वातावरण, विपद्व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र

## ७.१ पृष्ठभूमि

हाम्रो देशको भूबनौट तथा वातावरण प्राकृतिक दृष्टिले सम्पन्न मात्र होइन प्राकृतिक प्रकोप जोखिमका दृष्टिले पनि उच्च जोखिममा रहेको छ। पछिल्लो समयमा जलवायु परिवर्तनका कारण बढी प्रभावित हुने देशहरुमा नेपाल पनि पर्दछ। वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनको लागि विभिन्न पहलहरु हुँदै आएको छ। यसका लागि वन तथा वातावरण संरक्षण, भू तथा जलनधार संरक्षण, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा विपद व्यवस्थापन जस्ता कार्यमा गाउँपालिकाले काम गर्दै आएको छ।

गण्डकी गाउँपालिकाको आवधिक योजनाले तय गरेको वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ।

***तालिका ३९: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको बजेट प्रक्षेपण (रकम रु हजारमा)***

| क्षेत्रहरु | २०८२/८३ को अनुमानित | मध्यमकालीन लक्ष्य प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| वन तथा जैविक विविधता | ८०० | ८४० | ८८२ | ९२६ | २६४८ |
| वातावरण तथा जलवायु | ७०० | ७२८ | ७५७ | ७८७ | २२७३ |
| विपद् व्यवस्थापन | ३४०० | ३५३६ | ३६७७ | ३८२५ | ११०३८ |
| कुल | ४९०० | ५१०४ | ५३१६.५६ | ५५३८.०४२ | १५९५८.६ |

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको लागि आगामी तीन वर्षको लागि कुल रु १ करोड ५९ लाख बजेट प्रक्षेपण गरिएको छ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

गण्डकी गाउँपालिकाको कुल क्षेत्रफलको १६.८५ प्रतिशत जमीन घनाजंगल र २२.३७ प्रतिशत भूभागमा झाडी तथा बुट्यान गरी ३९.२ प्रतिशत वन क्षेत्रले ओगटेको छ । यस गाउँपालिकाका विभिन्न वडामा गरी ४७ सामुदायिक वन, ८ वटा साझेदारी वन तथा ९७ कवुलियत वन रहेका छन् । वन क्षेत्रबाट प्रत्येक्ष लाभान्वित घरधुरी संख्या ५६४७ रहेकोमा सामुदायिक वन क्षेत्रबाट लाभान्वित घरधुरी संख्या ५५५१ र साझेदारी वनबाट लाभान्वित घरधुरी संख्या ९६ रहेको छ । उपोष्ण क्षेत्रदेखि समशितोष्ण हावापानी भएकाले जैविक विविधताको दृष्टिले पनि यस गाउँपालिका सम्पन्न छ ।

### ७.१.२ सम्भावना तथा अवसर

जैविक विविधताले सम्पन्न क्षेत्र, जडिबुटीहरुको उपलब्धता, वन संरक्षणको लागि सामुदायिक तथा कवुलियत वनको अवधारणा लागु हुनु, वनपैदावारमा आधारित जडिबुटी खेती, तथा वनपैदावारमा आधारित उद्यमशिलता, जनतामा बढ्दो चेतना आदि यस क्षेत्रका अवसर तथा सम्भावनाहरु हुन् । अमिलो जातको फलफुल, साल, सल्ला, आँप, सिमल, चाँप, काफल लगायत २५० भन्दा बढी प्रजातिका वनस्पति पाइने गर्दछ । दुर्लभ जीवजन्तुहरूमा चितुवा, चरीबाघ, लाटोकोसेरो, हुचिल, ढुकुर, कालिज लगायत १५० भन्दा बढी प्रजातिका आदी पाइने गर्दछ । यस क्षेत्रमा पाइने मुख्य जडिबुटीको व्यवसायिक प्रयोजनका हिसाबले प्रयोग भएको भने पाइदैन ।

### *७.१.३ समस्या र चुनौती*

मिचाहा प्रवृत्तिका बोटबिरुवाहरु फैलिँदै जानु, सडक लगायतका पूर्वाधार निर्माणमा वन संरक्षणको लागि आवश्यक ध्यान पुग्न नसक्नु, जैविक विविधता संरक्षणका लागि सञ्चालनमा रहेका कार्यक्रमहरु प्रभावकारी हुन नसक्नु, माछा मार्नको लागि विष प्रयोग गर्दा जलचरहरुमा पर्ने नकारात्मक प्रभाव, लुकीछिपी हुने वनजंगल फडानी, जलवायु परिवर्तन र यसको प्रभाव, पृथ्वीको तापमानमा वृद्धि, वातावरण प्रदुषण आदि यस क्षेत्रका समस्या हुन् ।

### *७.१.४ लक्ष्य*

वन तथा जैविक विविधताको उचित संरक्षण तथा विस्तार गरी नागरिकको जीवनस्तरमा सुधार गर्ने ।

### ७.१.५ रणनीति

- स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु ।
- वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधतासहित वन पैदावारको उचित उपयोग गर्नु ।

### ७.१.६ कार्यनीति

- वन तथा जैविक विविधता नीति बनाई लागु गरिनेछ ।
- संरक्षण र संम्बर्द्धनमा समुदायको परिचालन गरिनेछ ।
- वन भित्र ढलेका तथा सुकेका रुखहरुको बिक्री वितरणको व्यवस्था गरिनेछ
- जडिबुटी तथा गैरकाष्ठ वनपैदावारको खेती बिस्तार गरिनेछ ।
- जडिबुटी प्रोत्साहन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- वन नर्सरी स्थापना तथा खाली भूभागमा वृक्षारोपण गरिनेछ ।
- मिचाहा प्रजातीका बोटबिरुवा नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।

*७.१.७ परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि*

वन क्षेत्रको वृद्धि हुनेछ । सामुदायिक वनहरुको संरक्षण र सम्बर्धन मार्फत आय आर्जनमा बृद्धि हुनेछ । वन तथा जैविक विविधतायुक्त शहरको निर्माणतर्फ अग्रसर हुनेछ ।

***तालिका ४०: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा/निकाय |
|---|---|---|
| सामुदायिक वनमा जडिबुटी खेती तथा फलफूल रोपन कार्यक्रम | जडिबुटीबाट आय आर्जन हुने तथा वनमा हुने फलफूल खेतीबाट बाँदर नियन्त्रण हुनेछ | गापा |
| वन नर्सरी स्थापना तथा वृक्षारोपण कार्यक्रम | वनक्षेत्र बिस्तार भएको हुने तथा विविधता संरक्षण भएको हुनेछ । | गापा |

## ७.२ जलाधार तथा भू-संरक्षण

### ७.२.१ पृष्ठभूमि

अन्य पहाडी क्षेत्रमा जस्तै गण्डकी गाउँपालिकामा पनि भूक्षय तथा बाढी पहिरोको जोखिम रहेको छ। जलाधारक्षेत्रहरुको संरक्षण हुन सकेको छैन। जसका कारण वातावरण सन्तुलन, बाढी पहिरो संरक्षण, हरियालीको विकास जस्ता कार्यमा नकारात्मक प्रभाव परेको छ। भू तथा जलाधार क्षेत्रहरुको जोखिम पहिचान गरि संरक्षण र सम्बर्धन गर्नु आवश्यक छ।

### ७.१.२ सम्भावना तथा अवसर

गाउँपालिका क्षेत्रका जलाधार तथा सिमसार क्षेत्र र यसले जैविक विविधतामा पुऱ्याउने योगदान, वन क्षेत्र यस क्षेत्रका अवसरहरु हुन्। खेतीयोग्य क्षेत्र, संरक्षित क्षेत्र तथा बसोबासका लागि उपयुक्त क्षेत्रको पहिचान र त्यसै अनुसारको विकास यस क्षेत्रका सम्भावना हुन्।

### ७.२.३ समस्या र चुनौती

यस गाउँपालिका भू-क्षय तथा त्रिशुली नदी तथा बुढीगण्डकी किनार क्षेत्रमा जलउत्पन्न प्रकोपको जोखिम विद्यमान रहेको पाइन्छ। गाउँपालिका अन्तर्गत विपद्को किसिम अनुसार संवेदनशील स्थानमा बसोबासको अवस्था हेर्दा यहाँका केही बस्ती पहिरोको जोखिम क्षेत्रमा बसोबास गरेको देखिन्छ। विकास निर्माणमा प्रकृतिको संरक्षणमा प्रमुख चुनौती रहेको छ।

### ७.२.४ *लक्ष्य*

गाउँपालिका क्षेत्रका भू क्षेत्रको संरक्षण गर्ने।

### ७.२.५ *रणनीति*

- वैज्ञानिक व्यवस्थापनबाट भूसंरक्षण तथा जलाधार क्षेत्रको पहिचान र संरक्षण गर्ने।
- जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भुसंरक्षण गर्ने।
- पहिरो जाने समस्याको दीर्घकालिन समाधान खोज्न उपायहरुको अवलम्बन गर्ने।

### ७.२.६ कार्यनीति

- गाउँपालिका भित्र रहेका खोला, खोल्सा तथा अन्य जलस्रोतको संरक्षण गर्ने नीति ल्याइनेछ ।
- खालि जग्गामा वन्यजन्तु, पशुपन्छी मैत्री नयाँ माटो संरक्षण हुने स-साना पोखरी निमार्णको व्यवस्था मिलाइनेछ ।
- खोला तथा नदी किनारमा दीर्घकालीन तटवन्ध निर्माण गरिनेछ ।
- नीति निर्माण गरि भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा समुदाय परिचालन गरि कार्य गरिनेछ ।

### ७.२.७ परिणात्मक स्थिति र अपेक्षित उपलब्धि

भ-ूक्षयिकरणमा कमि ल्याइने तथा जलाधार संरक्षणमा सुधार आएको हुनेछ ।

***तालिका ४१: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा/निकाय* |
|---|---|---|
| पहिरो तथा नदी कटान नियन्त्रण | भूक्षयमा कमी आएको हुनेछ | गापा |
| पानीका मूलहरु तथा खोला खोल्सी संरक्षण कार्यक्रम | जलाधार तथा सिमसार क्षेत्रको संरक्षण भएको हुनेछ | गापा |

## *७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन*

### *७.३.१ पृष्ठभूमि*

वातावरणको समुचित व्यवस्थापन विना मानव तथा अन्य जीव जन्तुको अस्तित्वमा समेत नकारात्मक असर पर्दछ । तसर्थ वन तथा वातावरणको उचित व्यवस्थापन विना मानिसको सामाजिक तथा आर्थिक विकास कठिन र अपुर्ण हुन जान्छ ।

### *७.३.२ समस्या र चुनौती*

बजार क्षेत्रमा ढल निकास र फोहरमैलाको उचित व्यवस्थापन नहुँदा वातावरणमा नकारात्मक प्रभाव परेको, प्लाष्टिकजन्य फोहर फैलिँदा माटो गुणस्तर, पानी प्रदुषण जस्ता समस्या बढेका छन् । फोहरको वर्गीकरण हुन नसक्दा फोहर व्यवस्थानको दीर्घकालीन समाधान गाउँपालिकाको लागि चुनौती बनेको छ ।

### ७.३.३ लक्ष्य

वातावरण संरक्षण गर्दै फोहर व्यवस्थापनको दिगो माध्यमबाट वातावरणीय प्रदुषण नियन्त्रण गर्ने ।

### ७.३.४ रणनीति

वातावरण संरक्षण र फोहर व्यवस्थापनको लागि समुदाय परिचालनमार्फत दिगो समाधान खोज्ने ।

### ७.३.५ कार्यनीति

- सामुदायिक वनलाई उद्यमशिलताको रुपमा विकास गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र हरियाली प्रवर्द्धन गर्न र वातावरण संरक्षण गर्न फोहरमैला व्यवस्थापन, सडक किनारामा बिरुवा रोप्न साथै एक घर एक बिरुवालाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाबाट संचालन हुने ठूला योजनाहरुबाट वातावरणमा पर्न सक्ने असरहरुलाई कम गर्न IEE/EIA अध्ययन गर्ने नीति अवलम्वन गरिनेछ ।
- यस गाउँपालिकालाई प्लाष्टिक मुक्त क्षेत्र घोषण गर्दे प्लाष्टिकका विकल्पका सामाग्रीहरु उत्पादन र प्रयोगमा प्राथमिकता दिइनेछ ।
- सामुदायिक वनहरुलाई स्थानीयको आय-आर्जन बढाउन एग्रो फोरेष्ट नीतिलाई निरन्तरता दिइनेछ ।
- वनक्षेत्र पहिचान गरेर कार्ययोजना निर्माण गरी सामुदायिक वन सरोकारवाला निकायसँगको समन्वयमा आवश्यक कार्य गरिनेछ ।
- युवा पिढीलाई आकर्षित गरी आधुनिक व्यवसायिक रुपमा जडीबुटी खेतीमा संग्लन गर्न पहल गरिने छ ।
- गाउँ सौन्दर्य बृद्धि र हरियाली प्रवर्द्धन गर्न सडक छेउछाउ रुख रोप्ने अभियानलाई निरन्तरता दिईनेछ ।
- जनचेतना अभिबृद्धि गरी प्लाष्टिक र प्लाष्टिक जन्यपदार्थ जथाभावी फाल्नेलाई कारवाही गर्ने नीति लिईएको छ ।
- खानेपानीबाट कोही पनि बञ्चित नरहन गुणस्तरीय खानेपानी सम्भावित ठाँउहरुको अध्ययन अनुसन्धान गरिनेछ ।

#### ७.३.६ *परिणात्मक स्थिति र अपेक्षित उपलब्धी*

शुन्य फोहरको अवधारणाको विकास हुनेछ। घरमै फोहरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने परिपाटिको विकास हुनेछ। ढल निकास तथा सेप्टीट्याङ्की लाई घर नक्सासँग जोडेर व्यवहारमा ल्याईने छ। प्रदुषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापनका क्षेत्रमा उल्लेख्य सुधार हुने छ।

***तालिका ४२: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण***

| *कार्यक्रम* | *योजना अवधिको जम्मा लक्ष्य* | *जिम्मेवार शाखा/निकाय* |
|---|---|---|
| फोहोर मैला व्यवस्थापनको लागि गुरुयोजना तयार गर्ने । | फोहर मैलाको दीर्घकालीन समस्या समाधान भएको हुनेछ | गापा |
| फोहर संकलनको लागि ठूला वस्ती भएका क्षेत्रमा एक घर दुई डस्टविन (कुहिने र नकुहिने) कार्यक्रम | फोहर संकलन व्यवस्थित हुने । | गापा |
| फोहर व्यवस्थापन केन्द्रको स्थापना | व्यवस्थित फोहर व्यवस्थापन हुने । | गापा |

## ७.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

यस गाउँपालिकामा पहिरो, आगलागी, भूकम्प, चटयाङ्ग वन्यजन्तु आक्रमण प्रमुख समस्याको रुपमा रहेका छन् । यसबाट ग्रामीण जनताको जनजीवन मात्र नभई राष्ट्रकै आर्थिक तथा सामाजिक अवस्थामा प्रश्न चिन्ह खडा हुने गर्दछ। ग्रामीण भेगमा जथाभावी सडक खन्नु, बन फँडानी हुनु, आचारसंहिता विपरीत पूर्वाधार निर्माण हुनु, जोखिमपूर्ण क्षेत्रमा घर निर्माण आदि यसका प्रमुख कारणहरु हुन् । यसको कारण नेपालको ग्रामीण भेगमा वर्षेनी अत्यधिक धनजनको क्षति हुने गरेको प्राप्त तथ्याङ्कले देखाएको छ।

#### ७.४.२ *समस्या र चुनौती*

वातावरणीय समस्याहरुमा वन फँडानी हुनु, गर्मी मौसममा हुने आगलागी तथा डढेलो तथा प्लाष्टिक र प्लास्टिकजन्य सामानहरुको प्रयोग प्रमुख वातावरणीय समस्याको रुपमा रहेको छ।

### ७.४.३ लक्ष्य

विपद्बाट हुने मानवीय, आर्थिक, सामाजिक तथा पर्यावरणीय क्षतिमा कमी तथा जलवायु अनुकुलनका क्षेत्रमा सुधार ल्याउने ।

### ७.४.४ रणनीति

- मानव सिर्जीत तथा प्राकृतिक प्रकोपबाट हुने विपद् जोखिमलाई न्यूनीकरण गर्ने ।
- विपद् उत्थानशील समाजको निर्माण गर्ने ।
- वृक्षारोपण स्थान तोक्ने, डढेलो तथा आगलागी सम्बन्धि सचेतना बढाउने, वातावरण मैत्री सडक निर्माण गर्ने, रिचार्ज पोखरी निर्माण र संरक्षण गर्ने, जोखिम क्षेत्रको पूर्व तयारी गर्ने, वैज्ञानिक वन बनाई आर्थिक स्रोत आय वृद्धि गर्ने ।
- भवन निर्माण मापदण्ड कडाईका साथ पालना गर्ने ।

### ७.४.५ कार्यनीति

- गाउँ क्षेत्रभित्र हुने बाढी पहिरो, आगलागी, भूकम्प, चटयाङ्ग वन्यजन्तु आक्रमण, आदि जस्ता प्राकृतिक विपतिमा तुरुन्त राहत कार्य कार्यान्वयनमा ल्याउन स्थानीय व्यवस्थापन केन्द्रलाई कृयाशिल बनाइनेछ । केन्द्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, गाउँ प्रहरी, नेपाल रेडक्रस सोसाईटीसँगको समन्वयमा विपद् व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना तयार गरी लागू गरिनेछ ।
- विपद् व्यस्थापनको समयमा आवश्यक पर्ने अस्थायी सेन्टरहरुको पहिचान गरी विपद्को समयमा शिघ्र संचालनमा ल्याईने व्यवस्था मिलाईनेछ । विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय संघ-संस्था तथा निजी क्षेत्रको सहयोगको समन्वय र सहकार्य गर्न पहल गरिनेछ ।
- विपद्को समयमा उद्धार तथा राहत कार्यलाई प्रवाहकारी वनाउन प्रत्येक वडाहरुमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, यूवा क्लब, रेडक्रस, स्काउट, क्याम्पस, विद्यालय तथा सामाजिक अभियन्ताहरु समेतको संग्लनतामा शिघ्र उद्धार स्वयंमसेवकको गठन गरिनेछ ।
- सम्भावित आगलागीका घटनाहरुलाई समयमै नियन्त्रण गर्न प्रत्येक व्यापारी, सरकारी तथा निजी घरहरुमा समेत अग्नि नियन्त्रक यन्त्र राख्न अपिल गरिनेछ ।
- युवाहरुलाई विपद् व्यवस्थापन गर्ने खालका तालिमहरु संचालन गरिनेछ ।

- वर्षायाम पूर्व स्थानीय नदीहरुको बहाव वस्तीतर्फ प्रवेश गर्ने सम्भावनाको निरीक्षण गर्ने र समयमा नदी नियन्त्रण तटबन्धको व्यवस्था मिलाइनेछ

### ७.४.६ परिणात्मक स्थिति

विपद् व्यवस्थापनमा पुर्व तयारी तथा तत्पर शहरको निर्माण भएको हुनेछ । जलवायु अनुकुलन नीति अनुसार कार्य गरिनेछ । विपदका घटनामा कमि आएको हुनेछ । जलवायु परिवर्तन संग जुध्न सक्ने उत्थानशिल शहरको विकासक्रममा रहनेछ ।

***तालिका ४३: कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण***

| *कार्यक्रम* | *योजना अवधिको उपलब्धी* | *जिम्मेवार निकाय* |
|---|---|---|
| विपद व्यवस्थापन समिति गठन गर्ने | गाउँप्रमूखको अध्यक्षतामा गाउँ विपद व्यवस्थापन समिति गठन भएको हुनेछ । | गापा |
| विपद् जोखिम व्यवस्थापन योजना निर्माण गर्ने | क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण भएको हुनेछ | गापा |
| नदी तथा खोलका किनारमा रहेका वस्ती तथा घरहरुको पहिचान | नदी तथा खोलका किनारमा रहेका वस्ती तथा घरहरुको पहिचान भएको हुनेछ | गापा |
| जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान | जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान भएको हुनेछ | गापा |
| आपतकालीन आश्रयस्थलको निर्माण | आपतकालीन आश्रयस्थलको निर्माण | गापा |

**परिच्छेद ८**

# संस्थागत विकास तथा सुशासन

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारको छुट्टाछुट्टै तथा साझा अधिकारहरु बारे स्पष्ट व्यवस्था गरेको छ। गण्डकी गाउँपालिकाको आवधिक योजना (२०७९/८०-२०८२/८३) ले पनि संस्थागत विकास तथा सुशासन क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको बारे उल्लेख गरेको छ र यिनैका आधारमा संस्थागत विकास तथा सुशासन विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ।

***तालिका ४४: संस्थागत विकास तथा सुशासन***

| क्षेत्रहरु | २०८२/८३ को अनुमानित | मध्यमकालीन लक्ष्य प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| कानून, न्याय तथा सुशासन | ६८७८ | ७२२२ | ७५८३ | ७९६२ | २२७६७ |
| संगठनात्मक विकास तथा मानव संसाधन | ११०० | ११४४ | ११९० | १२३७ | ३५७१ |
| तथ्यांक प्रणाली र योजना व्यवस्थापन | ५०० | ५१३ | ५२५ | ५३८ | १५७६ |
| कुल | ८४७८ | ८८७८ | ९२९८ | ९७३८ | २७९१४ |

संस्थागत व्यवस्था तथा सुशासनका लागि आगामी तीन वर्षको लागि कुल २ करोड ७९ लाख बजेट प्रक्षेपण गरिएको छ।

## ८.१ कानून, न्याय तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

वर्तमान संविधान २०७२ को धारा २१७ ले दिएको अधिकार बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७-१ र ४७-२ बमोजिम स्थानीय सरकारले न्यायीक निरोपण गर्न सक्ने व्यवस्था गरिएको छ। यो नेपालको सन्दर्भमा स्थानीय सरकारको लागि नयाँ किसिमको कार्य जिम्मेवारी हो। गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनताप्रति उत्तरदायी बनाउन आवस्यक छ जसले सुशासनको प्रत्याभुती गराउनेछ।

### ८.१.२ समस्या र चुनौती

संविधान अनुसारका स्थानीय सरकारका हक अधिकारको सुची अनुसारका अवश्यक सबै कानुन बनाउन सकिएको छैन । स्थानीय तहमा ज्ञान तथा अनुभवको कमी भएको हुँदा न्यायप्रति विश्वास दिलाउनु चुनौतीपूर्ण छ ।

### ८.१.३ लक्ष्य

न्यायमा स्थानीय जनताको सुलभ पहुँच पु¥याउने । गाउँवासीलाई सुशासनको प्रत्याभूती गराउने ।

### ८.१.४ रणनीति

स्थानीय सरकारका हक अधिकारको सुची अनुसारका कानुन बनाउने, सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाउने । विवादलाई मेलमिलापबाट समाधान गरिने नीति लिइने ।

### ८.१.५ कार्यनीति

- कानूनी शासन र सुशासनको प्रत्यक्ष प्रत्याभूति गर्नको लागि आवश्यक पर्ने कानूनहरु द्रुत तवरबाट निर्माण गरी कार्यन्वयनमा ल्याईनेछ ।
- नवप्रवर्तन र सृजनशील कार्य गर्न सबै तहका राष्ट्रसेवकहरुलाई उत्प्रेरित गर्न कार्यमूल्याङ्कनको आधारमा प्रोत्साहन र नसिहतको व्यवस्था गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य चौकीहरु लगायत सबै कार्यालयहरुमा अनिवार्य रुपमा विद्युतीय हाजिरी तथा सि.सि.टिभि. जडान गरी विद्युतीय शासनको अभ्यास गरिनेछ ।
- सामाजिक परिक्षण सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुमार्फत् नागरिकहरुको यस गाउँपालिकाबाट हुने सेवा प्रवाहप्रतिको धारणा बुझ्ने र सेवा प्रवाहलाई परिष्कृत गर्ने व्यवस्था मिलाईनेछ ।
- प्रविधिको प्रयोग तथा सूचनामा पहुँच अभिवृद्धि गर्न गाउँपालिकाका जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिसँग सम्बन्धित तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा तिर्नु पर्ने करहरुलाई अनलाईन (डिजिटल वालेट) मार्फत् कर संकलन गर्ने नीति अवलम्बन गरिनेछ ।

- वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ । सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी इ-गभर्नेन्सलाई तिव्रता दिइनेछ । कम्प्यूटर प्रविधि तथा इन्टरनेटमा आधारित सेवालाई अझ प्रभावकारी बनाउने नीति लिइनेछ । सूचना-प्रवाह गर्न तथा गाउँवासीसँग अन्र्तक्रिया गर्न सामाजिक संजालको प्रयोग गरिनेछ ।
- गाउँपालिकाले प्रहाव गर्ने सबै प्रकारका सेवाहरुलाई विद्युतीय प्लेटफर्म प्रदान गर्ने गरी एकीकृत तथा अन्तर- आवद्ध प्रविधि तथा तथ्याङ्क भण्डार विकास गरिनेछ ।
- गाउँपालिकाको आफ्नै सर्भरमा तथ्यांक राखी यसको संरक्षण गर्न उपयुक्त सर्भर खरिद गर्नुका साथै डाटा, एप्लिकेशन, सफ्टवेयर तथा साइवर सुरक्षाको प्रबन्ध मिलाइनेछ ।
- गाउँलाई सुरक्षित र प्रविधियुक्त बनाउन स्थानीय प्रशासन तथा निजी क्षेत्रको सहकार्यमा गाउँका मुख्य स्थानहरुमा सि.सि. क्यामेरा जडान गरिनेछ र यसको प्रक्रिया अगाडि बढाइने छ ।
- न्यायिक समितिका सदस्यहरु, सल्लाहकारहरु, मेलमिलाप सहजकर्ताहरुलाई सेवा सम्पादन सम्बन्धी तालिम प्रदान गरिनेछ । न्यायिक समितिको कार्य सम्पादन स्तरलाई सुदृढीकरण गर्न विशेष पहल गरिनेछ । न्यायिक समितिका कामकारवाहीलाई प्रविधिमैत्री तथा पारदर्शी बनाउन अनलाइन मार्फत् व्यवस्थित गरिनेछ । न्यायिक समितिले कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिलाई व्यवस्थित गर्न समसमायिक विधेयक बनाइनेछ ।
- गाउँवासीसँग सरोकार राख्ने कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्ने नीति अवलम्वन गरिनेछ ।
- मानव संसाधन बिकास तयार गरी लागू गर्ने नीति अवलम्वन गर्नेछ ।
- मुद्दाको प्रकृतीको आधारमा छिटो छरितो निर्णय गर्ने र चौमासिक रुपमा प्रतिवेदन सार्वजनिक गर्ने नीति लिइनेछ ।

### ८.१.६ परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

सार्वजनिक सेवा दक्ष, पारदर्शी र प्रभावकारी भएको हुनेछ । न्यायीक समितिले मेलमिलापको नीति अंगिकार गरी न्यायमा स्थानीय जनताको सुलभ पहुँच पुगेको हुनेछ । कानुनी शासन, छिटो छरितो कम खर्चिलो, न्याय प्रणालीको विकास र सुशासन कायम भएको हुनेछ ।

## ८.२ संगठनात्मक विकास तथा मानव संशाधन

### ८.२.१ पृष्ठभूमि

गाउँपालिकाले संस्थागत संरचनाको अभावमा पर्याप्त दक्ष विशिष्टीकृत ज्ञान सिप क्षमता योग्यता भएको जनशक्तिको निर्माण हुन सकिरहेको छैन । क्षमता विकासका कार्यक्रमहरुको समेत कमि रहेको छ । गाउँपालिकाले संगठनात्मक विकास संरचना बनाई क्षमता विकास योजना बनाउन आवश्यक देखिएको छ ।

### ८.२.२ समस्या र चुनौती

वढ्दो जनअपेक्षा अनुरुप चुस्त दुरुस्त रुपमा ICT board सेवा प्रवाह गर्ने काम चुनौतीपूर्ण छ भने विश्व बजारमा उपलब्ध विभिन्न प्रविधि सूचना प्रविधिको विकास र विस्तार गर्ने अवसर समेत हो। क्षमता विकासका कार्यक्रमहरुमा पर्याप्त बजेट नहुनु, सुचना प्रविधिमा जनशक्तिलाई अभ्यस्त बनाउन नसन्नु जस्ता चुनौती रहेका छन् ।

### ८.२.३ लक्ष्य

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरिक सन्तुष्टि ।

### ८.२.४ रणनीति

गाउँपालिकाको सेवा प्रवाहलाई ICT board छरितो र चुस्त बनाई नागरिक सन्तुष्टी बढाउने । संगठनात्मक संरचना सर्वे गरि निर्धारण गर्ने । क्षमता विकास योजना बनाई कार्यान्वयन गर्ने । ICT based (service provide) सेवा प्रवाह गर्ने । विषयगत शाखाहरुको प्रभावकारी व्यवस्थापन गर्ने । सबै शाखाहरुको कार्य विभाजन गर्ने । सबै कर्मचारीमा सीप दक्षता अभिवृद्धि गर्ने ।

### ८.२.५ परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

संगठनात्मक संरचना बनेको हुनेछ । क्षमता विकास योजना बनाई कार्यान्वयन भएको हुनेछ । दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरिक सन्तुष्टिको सोच चरितार्थ हुनेछ ।

## ८.३ स्रोत परिचालन

### ८.३.१ पृष्ठभूमि

गाउँपालिकाको आन्तरिक राजस्वको आकारले गाउँपालिकाको क्षमता र गाउँपालिका योजना छनौटमा कति स्वायत्त छ भन्ने कुरा देखाउँदछ । राजस्वको पर्याप्तता, लचकता, न्यायपूर्ण, स्वीकार्यता, संगतीपूर्ण, आर्थिक तथा प्रशासनीक संभाव्यता, राजनीतिक स्वीकार्यता यस गाउँपालिकाको आन्तरिक राजस्व परिचालनका मुल नीति हुनेछ । कानूनमा उल्लेख गरिएको आधारमा लगाइने आन्तरिक राजस्वको दर निर्धारण गर्दा जनचाहना, छिमेकी, प्रदेश तथा राष्ट्रिय दरको औषतलाई आधार बनाइनेछ । कानून अनुसार आन्तरिक राजस्वको आधार बढाउन जनसहभागीतालाई जोड दिइनेछ ।

### ८.३.२ समस्या र चुनौती

कर मैत्री राजस्व सुधार योजना नहुनु , कर करदाता शिक्षा सञ्चालन नहुनु, कर छल्ने प्रवृति विकास, करदातालाई कर सहभागिता प्रक्रियामा संलग्न गराउन कठिन ।

### ८.३.३ लक्ष्य

विगतमा संकलन भएको राजस्वमा वृद्धि गर्ने ।

### ८.३.४ रणनीति

- गाउँबासीहरु करको दायराबाट कोही नछुटुन, कोही नदोहोरिउन भन्ने मान्यताका आधारमा आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका आधारहरु बढाउन अधिकतम पहल गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका दरहरुलाई जनभावना अनुसार आवश्यक समायोजन गरिनेछ ।
- संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम बढी भन्दा बढी लिनका लागि अनुदानका मापदण्ड पूरा गर्न अधिकतम पहल गरिनेछ ।
- गाउँपलिका भित्र आर्थिक कृयाकलाप बढाउन सहयोग पुग्ने प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न आबश्यक पर्ने स्रोतको खोजी गरिने छ ।

#### *८.३.५ परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि*

विगतमा संकलन भएको राजस्वमा उल्लेख्य वृद्धि भएको हुनेछ । स्रोतहरुको खोजी र स्रोतको कुशल परिचालन गरिएको हुनेछ । प्रशासनिक खर्च आन्तरिक स्रोतवाट प्रर्याप्त भई पुँजीगतमा समेत योगदान दिनेछ ।

## ८.४ तथ्यांक प्रणाली र योजना व्यवस्थापन

### ८.४.१ पृष्ठभूमि

समय सापेक्ष तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन सकेको छैन । आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनु पर्दछ । योजनाहरुको कार्यान्वयन स्थिति, गाउँपालिकाबाट हुने सेवा प्रवाह सम्बन्धमा पनि सर्वसाधरणले थाहा पाउने गरी सूचना प्रवाह गर्न प्रभावकारी सूचना प्रविधि हुन आबश्यक छ। गाउँपालिकाले कानून अनुसार काम गर्न प्रशासन व्यवस्थालाई सूचना प्रविधि मैत्री बनाउनु पर्ने हुन्छ ।

### ८.४.२ समस्या र चुनौती

- तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन नसक्नु। ।
- आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिल्न नसक्नु ।

### ८.४.३ लक्ष्य

आवधिक योजनाको उद्देश्य अनुरुप कार्यगर्ने ।

### ८.४.४ रणनीति

आवधिक योजनाको लक्ष्य अनुसार कार्यान्वयन गर्ने । मध्यमकालिन खर्च संरचना बनाई बजेट कार्यन्वयन गर्ने । सुचना प्रविधिको व्यापक प्रयोगबाट तथ्याङ्क व्यवस्थापन तथा क्रमिक अध्यावधिक गर्ने ।

#### *८.४.५ परिमाणात्मक स्थिति*

आवधिक योजनाले लिएको लक्ष्य हासिल गरिने छ। गाउँ सुचना केन्द्र तथा स्रोत केन्द्रको व्यवस्था हुनेछ ।

### ८.४.६ अपेक्षित उपलब्धि

योजनाबद्ध गाउँको विकास भएको हुनेछ तथा तथ्यांक अध्यावधिक हुनेछन् ।

***तालिका ४५: प्रमूख कार्यक्रम***

| *कार्यक्रम* | *योजना अवधिको लक्ष्य* | *जिम्मेवार निकाय* |
|---|---|---|
| तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापन सम्वन्धी कार्ययोजना निर्माण | तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापन सम्वन्धी कार्ययोजना तयार भएको हुनेछ । | गापा |
| तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि दक्षता अभिवृद्धि तालिम | तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि वार्षिकरुपमा तालिम सञ्चालन गर्ने | गापा |
| विषयगत शाखासँग सहकार्य गरी तथ्यांक संकलन | गाउँपालिकाको अद्यावधिक तथ्यांक हुनेछ | सबै शाखा |

# परिच्छेद ९

# योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

गण्डकी गाउँपालिकाको आवधिक योजनाले तय गरेको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन सँग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा योजना कार्यान्वयन र अनुगमन तथा मूल्याय्नको मध्यमकालीन अनुगमन प्रणाली तयार पारिएको छ। प्रत्येक कार्यक्रमको अनुगमन गर्ने निकाय, अनुगमन विधि र अनुगमनको पटक आदि खुलाइएको अनुगमन तालिका तल दिइएको छ।

***तालिका ४६: आर्थिक विकास***

| *कार्यक्रम* | *अनुगमन गर्ने निकाय* | *अनुगमन विधि* | *अनुगमन पटक (वार्षिक)* | *प्रतिवेदन पेश हुने निकाय* | *प्रतिवेदन कार्यान्वयन गर्ने निकाय* |
|---|---|---|---|---|---|
| व्यवसायिक बाली उत्पादन कार्यक्रम | गापा | १,३,४,५,६,७ | ४ पटक | गापा | कृविशा |
| कृषि पूर्वाधार | गापा | ३,४ | ४ पटक | गापा | गापा |
| खाद्यान्न बिज वृद्धि कार्यक्रम | कृषि शाखा | ३,३,७ | २ पटक | कृषि शाखा | गापा |
| बजार व्यवस्थापन कार्यक्रम | कृषि शाखा | १, ३,७ | २ पटक | कृषि शाखा | गापा |
| फलफूल उत्पादन कार्यक्रम | कृषि शाखा | ३ | २ पटक | कृषि शाखा | गापा |
| पशुपंक्षी स्वास्थ्य तथा नश्ल सुधार कार्यक्रम | कृषि शाखा | १,३, ७ | २ पटक | कृषि शाखा | गापा |
| डेरी उद्योग कार्यक्रम | गापा | १,३,७ | २ पटक | गापा | गापा |
| मासु उत्पादन कार्यक्रम | गापा | १,३,७ | २ पटक | गापा | गापा |
| समन्वयात्मक कृषि कार्यक्रम | गापा, कृषि शाखा | १,२,३ | २ पटक | गापा, कृषि शाखा | गापा, कृषि शाखा |
| पर्यटन विकास कार्यक्रम | गापा | १,२ | २ पटक | गापा | गापा |
| सिंचाइ | गापा | १,३,६,७ | २ पटक | गापा | गापा |
| सहकारी | गापा | १,२,३,६ | २ पटक | सहकारी शाखा | सहकारी शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका

## ८.१ सामाजिक क्षेत्र

### ८.१.१ शिक्षा तथा खेलकुद

*तालिका ४७: शिक्षा तथा खेलकुद*

| *कार्यक्रम* | *अनुगमन गर्ने निकाय* | *अनुगमन विधि* | *अनुगमन पटक (वार्षिक)* | *प्रतिवेदन पेश हुने निकाय* | *प्रतिवेदन कार्यान्वयन गर्ने निकाय* |
|---|---|---|---|---|---|
| शिक्षक/शिक्षिका तालिम | गापा, शि.शा | १,३,५ | ३ पटक | गापा, शि.शा | शि.शाखा |
| अनौपचारीक शिक्षा तथा चेतना कार्यक्रम | गापा | २,३,५ | ३ पटक | गापा, शि.शा | शि.शाखा |
| खाजा कार्यक्रम | गापा | ३,७,६ | ३ पटक | गापा, शि.शा | शि.शाखा |
| विद्यालय भौतिक पूर्वाधार निर्माण | गापा | १,३,४,५ | २ पटक | गापा, शि.शा | शि.शाखा |
| विद्यालय आइसिटि पूर्वाधार निर्माण | गापा, शि.शा | १,३,४,५ | २ पटक | गापा, शि.शा | शि.शाखा |
| इसिडि कार्यक्रम | गापा, शि.शा | १,३,४,५ | २ पटक | गापा, शि.शा | शि.शाखा |
| छात्रवृत्ति वितरण | गापा | १, ३, ५ | २ पटक | गापा, शि.शा | शि.शाखा |
| शिक्षण सामग्री वितरण | गापा | २,५,६ | २ पटक | गापा, शि.शा | शि.शाखा |
| खेल संचालन | गापा | १, ३ | २ पटक | गापा, शि.शा | शि.शाखा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका | | | | | |

### *८.१.२ स्वास्थ्य*

*तालिका ४८: स्वास्थ्य*

| *कार्यक्रम* | *अनुगमन गर्ने निकाय* | *अनुगमन विधि* | *अनुगमन पटक (वार्षिक)* | *प्रतिवेदन पेश हुने निकाय* | *प्रतिवेदन कार्यान्वयन गर्ने निकाय* |
|---|---|---|---|---|---|
| स्वास्थ्य भौतिक पूर्वाधार निर्माण | गापा | ३,७ | २ | गापा | गापा स्वास्थ्य शाख |
| घरमा शून्य सुत्केरी | गापा, स्वास्थ्य शाखा | ३, ५, ६ | ३ | गापा | स्वास्थ्य शाख |

| *कार्यक्रम* | *अनुगमन गर्ने निकाय* | *अनुगमन विधि* | *अनुगमन पटक (वार्षिक)* | *प्रतिवेदन पेश हुने निकाय* | *प्रतिवेदन कार्यान्वयन गर्ने निकाय* |
|---|---|---|---|---|---|
| शुन्य मातृ नवशिशु र बालबालिका अभियान | गापा | २,३, ५ | ३ | गापा | स्वास्थ्य शाख |
| प्रजननृस्वास्थ्य कार्यक्रम | गापा, स्वास्थ्य शाखा | ३, ५, ६ | ३ | गापा | स्वास्थ्य शाख |
| पोषण विशेष कार्यक्रम | गापा | १,३,४,५ | ३ | गापा | स्वास्थ्य शाखा |
| किशोर किशोरी विशेष | गापा,शिक्षा/स्वास्थ्य | १,३,४,५ | ३ | गापा | स्वास्थ्य शाखा |
| पूर्ण सरसफाई युक्त गाउँपालिका | गापा,शिक्षा/स्वास्थ्य | १,३,४,५ | ३ | गापा | स्वास्थ्य शाखा |
| खोप केन्द्र भवन | गापा,शिक्षा/स्वास्थ्य | २,५,६ | २ | गापा | स्वास्थ्य शाखा |
| औजार, औषधि उपकरणको व्यवस्थापन | गापा,शिक्षा/स्वास्थ्य | १,३,२ | २ | गापा | स्वास्थ्य शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका

***तालिका ४९: खानेपानी तथा सरसफाई***

| *कार्यक्रम* | *अनुगमन गर्ने निकाय* | *अनुगमन विधि* | *अनुगमन पटक (वार्षिक)* | *प्रतिवेदन पेश हुने निकाय* | *प्रतिवेदन कार्यान्वयन गर्ने निकाय* |
|---|---|---|---|---|---|
| खानेपानी | गापा | ३,५,६ | ३ पटक | गापा | खापा शाखा |
| स्वच्छ खानेपानी कार्यक्रम | गापा | २,३,५ | ३ पटक | गापा | खापा शाखा |
| फोहोरमैला व्यवस्थापन कार्यक्रम | गापा | ३,७ | ४ पटक | गापा | खापा शाखा |
| मासिक सरसफाई अभियान कार्यक्रम | गापा | ३,६ | १२ पटक | गापा | खापा शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका

## ८.२ भौतिक पूर्वाधार

***तालिका ५०: भौतिक पूर्वाधार***

| *कार्यक्रम* | *अनुगमन गर्ने निकाय* | *अनुगमन विधि* | *अनुगमन पटक (वार्षिक)* | *प्रतिवेदन पेश हुने निकाय* | *प्रतिवेदन कार्यान्वयन गर्ने निकाय* |
|---|---|---|---|---|---|
| सडक निर्माण | गापा | ३,४,७ | ४ | गापा | गापा सडक शाखा |
| सिँचाइ | गापा | ३,४,७ | ४ | गापा | सिँचाइ कार्यालय |

| *कार्यक्रम* | *अनुगमन गर्ने निकाय* | *अनुगमन विधि* | *अनुगमन पटक (वार्षिक)* | *प्रतिवेदन पेश हुने निकाय* | *प्रतिवेदन कार्यान्वयन गर्ने निकाय* |
|---|---|---|---|---|---|
| भवन तथा शहरी विकास | गापा | ३,४,७ | ४ | गापा | भवन तथा शहरी विकास |
| उर्जा | गापा | ३,४,७ | ४ | गापा | गापा |
| वैकल्पिक ऊर्जा | गापा | ३,४,७ | ४ | गापा | गापा |
| सञ्चार | गापा | ३,४,७ | ४ | गापा | गापा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका | | | | | |

## ८.३ वन वातावरण तथा विपद् व्यवस्थापन

***तालिका ५१: वन वातावरण तथा विपद् व्यवस्थापन***

| *कार्यक्रम* | *अनुगमन गर्ने निकाय* | *अनुगमन विधि* | *अनुगमन पटक ( वार्षिक)* | *प्रतिवेदन पेश हुने निकाय* | *प्रतिवेदन कार्यान्वयन गर्ने निकाय* |
|---|---|---|---|---|---|
| सामुदायिक वनलाई उत्पादनसँग जोडि फलफुल खेती गर्ने | गापा | ३,४,७ | २ पटक | गापा | गापा |
| जैवीक विविधताको संरक्षण | गापा | ३,४,७ | २ पटक | गापा | गापा |
| जलाधार संरक्षण | जिसस, गापा | ३,४,७ | २ पटक | गापा | गापा |
| जलवायु परिवर्तन | जिसस, गापा | ३,४,७ | १ पटक | गापा | गापा |
| फोहर मैला व्यवस्थापन | गापा | ३, ४, ७ | ४ पटक | गापा | गापा |
| जल उत्पन्न प्रकोप | गापा | ३,४,७ | | | |
| विपद्व्यवस्थापन | गापा | ३,४,७ | ४ पटक | गापा | गापा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका | | | | | |

## ८.४ संस्थागत विकास तथा सुशासन

***तालिका ५२: संस्थागत विकास तथा सुशासन***

| *कार्यक्रम* | *अनुगमन गर्ने निकाय* | *अनुगमन विधि* | *अनुगमन पटक (वार्षिक)* | *प्रतिवेदन पेश हुने निकाय* | *प्रतिवेदन कार्यान्वयन गर्ने निकाय* |
|---|---|---|---|---|---|
| मानव संसाधन विकास | गापा | ३, ४,७ | १ पटक | गापा | क्षमता विकास शाखा |
| संस्थागत क्षमता विकास | गापा | ३, ४,७ | १ पटक | गापा | क्षमता विकास शाखा |
| सूचना प्रविधि | गापा | ३, ४,७ | १ पटक | गापा | सुचना प्रविधि शाखा |

| *कार्यक्रम* | *अनुगमन गर्ने निकाय* | *अनुगमन विधि* | *अनुगमन पटक (वार्षिक)* | *प्रतिवेदन पेश हुने निकाय* | *प्रतिवेदन कार्यान्वियन गर्ने निकाय* |
|---|---|---|---|---|---|
| लेखांकन | गापा | ३, ४,७ | १ पटक | गापा | आर्थिक प्रशासन, योजना शाखा |
| राजस्व | गापा | ३,४,७ | १ पटक | गापा | राजश्व शाखा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका | | | | | |

# गण्डकी गाउँपालिका

भुम्लिचोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२